# पानी र सरसफाइ

वर्ष ३, अंक ३
असार २०६१

खानेपानी तथा सरसफाइ क्षेत्रको त्रैमासिक प्रकाशन





# सरसफाइ प्रवर्द्धनका लागि सञ्चार अभियान सम्पन्न

## अभियानमा सहभागी पत्रकारहरू पुरस्कृत

नेपाल WASH समूह तथा नेपाल वातावरण पत्रकार समूहको संयुक्त आयोजनामा गत मार्च महिनामा सञ्चालित सरसफाइ प्रवर्द्धनका लागि सञ्चार अभियानका क्रममा विभिन्न सञ्चार माध्यमहरूले सरसफाइसम्बन्धी सामग्रीहरूको उल्लेखनीय रुपमा उत्पादन तथा प्रकाशन गरेको पाइएको छ । यस अभियानमा सहभागी भई सरसफाइसम्बन्धी विभिन्न सामग्री उत्पादन गरी प्रकाशन/प्रसारण गर्ने पत्रकारहरू पुरस्कृत भएका छन् ।

उक्त अभियानको तयारीका सिलसिलामा देशका विभिन्न स्थानका पत्रकारहरूका लागि बेग्लाबेग्लै रुपमा सरसफाइसम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सहभागी भएका पत्रकारहरूका लागि सरसफाइसम्बन्धी सामग्री उत्पादनको एक प्रतियोगिताको आयोजना गरिएको थियो । सामग्री प्राप्त भएका आधारमा सो प्रतियोगितामा सहभागी पत्रकारहरूको सो प्रतियोगिता अन्तर्गत काठमाडौंमा 'पुरुष फेरिरहने, महिला हेरिरहने' शीर्षकको लेखका लागि जनआस्था साप्ताहिकका अरुण बराल पहिलो हुनुभएको थियो । Religion spurs, Civic Cleanliness शीर्षकको लेखका लागि द काठमाण्डु पोष्टका संगीता रिजाल दोस्रो हुनुभएको थियो भने 'घर बनाउन विदेशी भेटिए, तर शौचालय बनाउन कोही भेटिएन' शीर्षकको समाचारमूलक लेखका लागि पोखरापत्रका पुण्य पौडेल तेस्रो हुनुभएको थियो । रेडियो सगरमाथाबाट प्रसारण हुने रेडियो पत्रिका 'चिटिक्क' ले प्रोत्साहन पुरस्कार प्राप्त गरेको थियो ।

यसैगरी विराटनगरमा आयोजित उक्त अभियानमा दर्शन दैनिक पत्रिकामा प्रकाशित 'विराटनगरका सू र गू' शीर्षकको लेखका लागि मधु राई पहिलो हुनुभएको थियो । 'लाज त लाग्छ नि, तर के गर्नु ?' शीर्षकको लेखका लागि राजविराज टुडेका राजेश झा दोस्रो हुनुभएको थियो भने 'दूषित पानी पिउँदैछन् धरानवासीहरू' शीर्षकको लेखका लागि धरान एक्सन टाइम्सका जानुका राई तेस्रो हुनुभएको थियो । यसैगरी 'धरानको सरसफाइ अरु जिल्लाका लागि चुनौती' शीर्षकको लेखका लागि मर्निङ टाइम्स राष्ट्रिय दैनिकका गंगा बराल चौथो तथा 'मिल्स एरियावासी शौचालय पीडित' शीर्षकको लेखका लागि दर्शन दैनिकका कमल रिमाल पाँचौं हुनुभएको थियो । अन्नपूर्ण पोष्टका सुनील नेउपानेले 'बालबालिकाको सिट्ठीले गाउँमा शौचालय बनिए' शीर्षकको लेखका लागि, आँखा साप्ताहिकका रोशन साँवाले 'लाजमात्र हटेन, गाउँ नै सफा सुग्घर बन्यो' शीर्षकको लेखका लागि र राजधानी दैनिकका विक्रम निरौलाले 'दिसाको पोको बोकेर खोला धाउनु दैनिकी' शीर्षकको लेखका लागि प्रोत्साहन पुरस्कार प्राप्त गर्नुभएको थियो ।

प्रतियोगिताको निर्णायक मण्डलमा नेपाल वातावरण पत्रकार समूह, नेपाल पत्रकार महासंघ, नेवा, विश्व स्वास्थ्य संगठन, वाटरएड नेपाल तथा सञ्चारिका समूहका प्रतिनिधिहरू रहनु भएको थियो ।

प्रतियोगितामा पहिलो भएका पत्रकारहरूलाई जनही छ हजार, दोस्रोलाई पाँच हजार, तेस्रोलाई चार हजार, चौथोलाई तीन हजार, पाँचौंलाई दुई हजार तथा प्रोत्साहन पुरस्कार पाउनेहरूलाई १५ सय नगद पुरस्कार तथा कदरपत्र प्रदान गरिएको थियो ।

# स्रोत केन्द्र विकासका प्रयास र उपलब्धि

नेपालको खानेपानी तथा सरसफाइ क्षेत्रमा सूचना तथा ज्ञानको उपयुक्त व्यवस्थापन, प्रभावकारी आदानप्रदान र ज्ञानको सदुपयोग गर्ने उद्देश्यले सुरु भएको स्रोत केन्द्र विकाससम्बन्धी गतिविधिहरू क्रमबद्ध रुपमा सञ्चालन भइरहेका छन् ।

सन् २००२ देखि आइ.आर.सी नेदरल्याण्डस्को सहयोग तथा नेवाको संयोजकत्वमा थालनी भएको स्रोत केन्द्र विकासका प्रयासहरूलाई अगि बढाउन नेटवर्क स्थापना गर्ने कार्य सम्पन्न भएको छ । हाल यस नेटवर्कमा खानेपानी तथा ढल निकास विभाग, नेवा, एन्फो, वाटरएड नेपाल, आइ.डि.एस. नेपाल, एफ.एस.सी. नेपाल, नेपाल रेडक्रस सोसाइटी र फण्ड बोर्ड आवद्ध छन् ।

स्रोत केन्द्र विकासका क्रममा हालसम्म सूचना तथा आवश्यकता मूल्याङ्कन, विद्यमान सूचना आदानप्रदान गर्ने प्रक्रिया र यसको अवस्था विश्लेषण गर्ने कार्यहरू सम्पन्न भएका छन् । हाल नेटवर्कमा आवद्ध संस्थाहरूले आ-आफ्नो कार्ययोजना तयार गर्ने कार्य सम्पन्न भएको छ । उक्त संस्थाहरूले एकआपसमा सूचना आदानप्रदान गर्ने र सूचनाको प्रयोगलाई प्रोत्साहन गर्ने सहमतिपत्रमा हस्ताक्षरसमेत गरेका छन् ।

स्रोत केन्द्र विकास नेटवर्कको अध्यक्षता खानेपानी तथा ढल निकास विभागले तथा सचिवालयको भूमिका नेवाले निर्वाह गर्ने सहमति भएको छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रमा स्रोत केन्द्र विकासको प्रयास नेपालका सन्दर्भमा नौलो भएकाले यस क्षेत्रमा संलग्न सबै निकायलाई एकै साथ सहभागी गराउन सुरुमा अपेक्षाकृत रुपमा केही कठिनाइ भए पनि हाल सबै संस्थाहरूमा उल्लेखनीय प्रतिबद्धता देखिएको छ । आगामी दिनमा नेटवर्क सदस्यहरूको सहभागितामा भावी रणनैतिक कार्ययोजना तयार गरिने कार्यक्रम रहेको छ ।

## यस अंकको विशेष


वर्षायामसँगै बढेको झाडापखालाको प्रकोप - एक खतरनाक स्वास्थ्य समस्या पृष्ठ

समुदायमा सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना पृष्ठ

समुदायको अगुवाइमा सञ्चालित पूर्ण सरसफाइ कार्यक्रम र हाम्रो अनुभव पृष्ठ

माइपोखरी : 'अ' सँगसँगै 'स' मा पनि अगाडि पृष्ठ

**सम्पादन मण्डल**

**कमल अधिकारी**

(खानेपानी तथा ढल निकास विभाग)

**जेम्स विकेन**

(वाटरएड नेपाल)

**नमस्तेलाल श्रेष्ठ**

(युनिसेफ नेपाल)

**शरद अधिकारी**

(विश्व स्वास्थ्य सङ्गठन)

**हिमालय गौतम**

(ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति)

**कार्यकारी सम्पादक**

**भरत अधिकारी**

(नेपाल स्वास्थ्यको लागि पानी)

**पत्राचार ठेगाना**

नेपाल स्वास्थ्यको लागि पानी (नेवा)

प्रधान कार्यालय, लोहसाल, काठमाडौं

पो.ब. नं. ४२३१

फोन : ४३७७१०७/४३७७१०८

फ्याक्स : ४३७००७८

इमेल : communication@newah.org.np

वेबसाइट : www.newah.org.np

## सम्पादकीय

# सरसफाइ प्रवर्द्धनमा सञ्चार माध्यमको भूमिका

केही वर्ष अगिसम्म एचआइभि/एड्स, यौनशिक्षाको आवश्यकताजस्ता विषयमा सार्वजनिक रुपमा चर्चा गर्न मानिसहरू हिच्किचाउँथे । मानिसको सरोकारका विषय भए पनि यस्ता सवालहरू माथि बहस हुँदैनथ्यो । तर सञ्चार माध्यमहरूले यी विषयमा निरन्तर प्रकाश पर्ने काम गरेकाले आज यस्ता विषयमा खुलेर बहस गर्ने संस्कारको विकास भइसकेको छ ।

दिसापिसाब, चर्पी, दिसा धोएपछि हात धुने कुरा पनि मानिसहरूले सार्वजनिक रुपमा चर्चा गर्न नरुचाउने अन्य केही विषय हुन् । अधिकांश नेपालीहरू खुल्ला ठाउँमा दिसापिसाब गर्छन् । त्यसबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरहरू धेरै छन् । तर तिनका बारेमा चर्चा कमै हुने गरेको अनुभव हामी सबैलाई भएकै हो ।

तर हाल यो अवस्थामा बिस्तारै परिवर्तन आउन थालेको महशुस हुन थालेको छ । सरसफाइसँग सम्बन्धित विषयवस्तुहरू पनि पठनीय र मननीय समाचार बन्न सक्छन् भन्ने कुरा गत मार्च महिनामा सञ्चालित 'सरसफाइ प्रवर्द्धनका लागि सञ्चार अभियान' ले पुष्टि गरेको छ । बढीजसो राजनैतिक विषयवस्तु नै समाचार हुने परिप्रेक्ष्यमा चर्पीको प्रयोग गर्नु पर्ने कुरा, खाना खानु अगि र फोहोर छोएपछि हात धुनुपर्ने कुरा, सरसफाइको अभावले निम्त्याउन सक्ने स्वास्थ्यसम्बन्धी विकराल समस्या विषयले पनि नेपाली सञ्चार माध्यममा निकै ठाउँ ओगट्न पुगे । यसले खानेपानी तथा सरसफाइ प्रवर्द्धनका लागि काम गर्ने निकायहरूको अभियानमा समेत थप हौसला मिलेको छ ।

खानेपानी तथा सरसफाइ प्रवर्द्धनका लागि कार्यरत सरकारी तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ संस्थालगायत अन्य सरोकारवालाहरूको संयुक्त प्रयासमा प्रत्येक वर्ष राष्ट्रिय सरसफाइ सप्ताह मनाउने गरिएको छ । वर्षभरिका ५२ वटा सप्ताहमध्येको एक सप्ताहमा आयोजना गरिने यस्ता कार्यक्रम अथवा एक महिनाका लागि आयोजना गरिने सञ्चार अभियानले मात्रै रातारात सरसफाइ प्रवर्द्धन भइहाल्ने अपेक्षा गर्न सकिँदैन । तर अनौपचारिक रुपमा पनि यस्ता कार्यक्रमले निरन्तरता चाहिँ पाउनै पर्छ । सरोकारवालाहरूको संयुक्त प्रयास मार्फत सञ्चालित सप्ताहव्यापी अभियानले सरसफाइ प्रवर्द्धनका क्षेत्रमा उत्प्रेरकको भूमिका निर्वाह गर्ने कुरामा भने कुनै सन्देह छैन । त्यसैले सरसफाइ प्रवर्द्धनका लागि सञ्चालित सञ्चार अभियानको घोषित अवधि समाप्त भए पनि सरसफाइ प्रवर्द्धनलाई बल पुग्ने किसिमका सामग्रीहरूको विकास र वितरणले गति लिइरहनै पर्दछ भन्ने हामीलाई लाग्छ । प्रभावकारी पैरवी, सञ्चार र सामाजिक परिचालनका क्षेत्रमा सञ्चार माध्यमले पुऱ्याएको योगदानलाई मनन गर्दै राष्ट्रिय सरसफाइ अभियानका क्षेत्रमा सञ्चारलाई अभिन्न अङ्गका रुपमा लिनु आवश्यक छ ।

# सरसफाइसम्बन्धी केही वास्तविकताहरू

- दश जनामध्ये चार जना मानिस, अर्थात् विश्वका २ अर्ब ४० करोड मानिसहरू सरसफाइको पर्याप्त सुविधाबाट वञ्चित छन् । यस अवस्थामा तीव्र गतिमा वृद्धि भई सन् २०२५ सम्ममा विश्वको आधा जनसंख्या सरसफाइको पर्याप्त सुविधाबाट वञ्चित हुनेछ । (The Human Waste, WaterAid, 2002)
- विश्वका २ अर्ब ५० करोड मानिसहरू दिसापिसाब गर्नका लागि सफा र गोप्य ठाउँको अभावमा बाँच्न बाध्य छन् । यसको साटो उनीहरू खुल्ला मैदान, खोल्साखाल्सी, नदी, रेलका लिक, नहर, बाटाघाटाका छेउछाउ, दुर्गन्धयुक्त र अस्वस्थकर चर्पीहरूमा दिसापिसाब गर्ने गर्छन् । (खानेपानी तथा सरसफाइ साझेदारी परिषद्, २००३)
- एक ग्राम दिसामा रोगका १ करोड भाइरस, १० लाख ब्याक्टेरिया, १२ हजार परजीवी र जुकाका एक सयवटा फुल हुन सक्छन् (UNICEF, 2000)
- विश्वमा झाडापखालाजन्य रोगले मात्रै प्रतिदिन ६ हजार बालबालिकाको ज्यान लिन्छ । यसको अर्थ प्रत्येक घण्टा २५० जना, प्रत्येक मिनेट ४ जना वा प्रत्येक १५ सेकेण्डमा एक जना बालक/बालिकाको मृत्यु हुनु हो । (खानेपानी तथा सरसफाइ साझेदारी परिषद, २००३)
- नेपालमा खानेपानी र सरसफाइसँग सम्बन्धित रोगहरूको कारणले गर्दा स्वास्थ्यमा हुने खर्चमा प्रत्येक वर्ष अनुमानित २ अर्ब २० करोडदेखि ३ अर्ब ६० करोड रुपैयाँसम्म खर्च हुने गरेको छ । अपर्याप्त सरसफाइको कारणले उत्पादनशीलतामा आउने ह्रासबाट हुने आर्थिक क्षति वार्षिक १० अर्ब रुपैयाँ बराबरको हुन्छ । अपर्याप्त सरसफाइका कारणबाट हुने कूल आर्थिक खर्च कूल कगार्हस्थ उत्पादनको १.६ देखि ४.१ प्रतिशतसम्म हुन्छ । (श्री ५ को सरकार २००३)
- १२ प्रतिशत नेपालीहरूले मात्र दिसा गरिसकेपछि साबुन पानीले हात धुने गर्छन् र ३७ प्रतिशतले पानीले मात्र हात धुने गर्छन् । (BCHIMES, 2000)
- गत वर्षको बजेट भाषणमा सरसफाइ प्रवर्द्धनका लागि केही पनि उल्लेख गरिएको थिएन ।

# वर्षायामसँगै बढेको झाडापखालाको प्रकोप - एक खतरनाक स्वास्थ्य समस्या

- सरस्वती खनाल

रुपन्देहीमा झाडापखाला प्रकोप, नौको मृत्यु, पाँच सय प्रभावित
कालीकोटका दुर्गम गाउँमा झाडाबान्ता, तीन बालबालिकाको मृत्यु
झाडापखालाबाट बाजुरामा दशको मृत्यु, औषधिको अभाव यथावत्
अछाममा झाडापखालाबाट एकै परिवारका तीन जनाको मृत्यु.

वर्षायाम सुरु भएलगत्तै पत्रपत्रिकामा दिनहुँजसो यस्ता शीर्षकका समाचार पढ्न पाइन्छन् । हुन त हाम्रो देशमा झाडापखालाले प्रायः बाह्रै महिना सताउने गरेकै छ । तर यसको प्रकोप वर्षायाममा बढी हुन्छ । झाडापखालाका कारण बर्सेनी पाँच वर्ष पुग्न नपाउँदै १५ हजारभन्दा बढी बालबालिकाको मृत्यु हुने गरेको छ । *(स्रोतः युनिसेफ प्रतिवेदन, सन २००४)* हालसालै सार्वजनिक गरिएको एक तथ्याङ्कअनुसार गत बैशाख महिनादेखि असारको पहिलो साताभित्रमा देशका विभिन्न ठाउँमा गरि झाडापखालाकै कारणबाट ३४ जनाले ज्यान गुमाइसकेका छन् भने करिव छ हजार जना यसबाट प्रभावित भएका छन् । राजधानीमा फैलिएको झाडापखाला र हैजाका कारण गत बैशाख १ गतेदेखि असार ६ गतेसम्ममा टेकुको सरुवा रोग अस्पतालमा मात्रै २८ सय जना, कान्ति बाल अस्पतालमा ७ सय ८३ जना र राजधानी बाहिरका जिल्लाहरूमा २२ सय जना अस्पतालमा भर्ना भएको कुरा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । अस्पतालहरूमा अझैपनि बिरामीको संख्या औसतभन्दा बढी नै हुने गरेको र अझै प्रकोपकै रुपमा रहेको कुरा स्वास्थ्यकर्मीहरू बताउँछन् । *(स्रोतः नेपाल समाचारपत्र, असार ८, २०६१)*

यो त भयो झाडापखाला लागेर अस्पतालमा भर्ना भएकाहरूको संख्या । तर कति नेपालीहरूले अस्पताल वा स्वाथ्यचौकीको उचित सुविधा पाएका छन् ? ती सुविधा भएकै ठाउँमा पनि कति मानिस झाडापखाला लाग्दा उपचारका लागि जाने गरेका छन् ? कति मानिसहरूले जीवनजलको प्रयोग सही ढङ्गले गर्ने गरेका छन् ? यी सम्पूर्ण पक्षलाई हेर्ने हो भने झाडापखालाबाट पीडित हुने र मर्नेको संख्या मन्त्रालयले सार्वजनिक गरेकोभन्दा धेरै गुणा बढी हुने अनुमान गर्न सकिन्छ । तैपनि झाडापखालालाई सामान्य सरुवा रोगको रुपमा मात्र लिने गरिन्छ र यसको उपचारमा पनि खासै ध्यान दिने गरेको पाइँदैन । चेतनाको कमीले गर्दा अझै पनि कतिपय ग्रामीण समुदायहरूमा त झाडापखाला लाग्दा उपचारका लागि धामीझाँक्रीलाई झारफूक गर्न लगाउने, बिरामीलाई पानी खान नदिनेजस्ता गलत चलनहरू प्रशस्तै पाइन्छन् ।

त्यसैले सर्वप्रथम झाडापखाला के हो र कसरी लाग्छ भन्ने कुरा जान्नु अत्यन्त आवश्यक छ । पानी र नून शरीरलाई चाहिने आवश्यक तत्वहरूमध्ये प्रमुख तत्वहरू हुन्, जुन हामीले दिनहुँ खाने खानेकुराहरूबाट पाउँछौं । शरीरले यी तत्वहरू आवश्यक मात्रामा सासेर लिन्छ र अनावश्यक चाहिँ दिसा, पिसाब, पसिना आदिका रुपमा बाहिर निस्कासन गर्दछ । शरीर स्वस्थ्य रहँदा आन्द्राले पानी र नून सोसेर लिन्छ, जुन रगतमा जान्छ र यसलाई शरीरले प्रयोग गर्दछ । तर झाडापखाला लागेपछि आन्द्राले साबिकको जस्तो काम गर्न सक्दैन र आन्द्राबाट थोरैमात्र नून र पानी रगतमा जान्छ तर रगतबाट धेरै पानी र नून आन्द्रामा आउँछ । जसले गर्दा सधैँकोभन्दा बढी मात्रामा पानी र नून दिसाको माध्यमबाट शरीरबाट बाहिरिन्छ र शरीर सुख्खा हुने गर्दछ । यसलाई जलवियोजन भनिन्छ । समयमै जलवियोजनको उपचार हुन नसकेर नै धेरैजसो बिरामीहरूको ज्यान जाने गरेको छ । विश्वभरिकै तथ्याङ्क हेर्ने हो भने बालबालिकाहरूको ज्यान लिने खतरनाक रोगहरूमा निमोनियापछि झाडापखालाले दोस्रो स्थान ओगटेको छ ।

दिनभरमा तीन-चार पटक वा त्योभन्दा बढी पातलो वा पानीजस्तो दिसा हुनुलाई झाडापखाला भनिन्छ । झाडापखाला हुँदा कहिलेकाहीँ दिसामा रगत पनि आउन सक्छ । नेपालका बालबालिकाहरूमा कुपोषण हुने प्रमुख कारण पनि झाडापखाला नै भएको पाइन्छ । झाडापखाला पाचन प्रणालीसम्बन्धी स्वास्थ्य समस्या हो । यो विभिन्न कारणले गर्दा हुन्छ । तर धेरैजसो झाडापखाला फोहोरमैला, दूषित पानी, सरसफाइसम्बन्धी उचित बानीब्यवहारको कमी, कुपोषण र आन्द्रामा हुने अन्य सङ्क्रमणका कारणले गर्दा हुने गरेको पाइन्छ ।

*बाजुरा, २ असार - एक महिनाअगिदेखि जिल्लाको दक्षिणी क्षेत्रका विभिन्न गाविसमा फैलिएको झाडापखालाबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ । सयौं अझै प्रभावित रहेका छन् । बारबीस-४ सिगाडामा १ र कैलाशमाडौंमा दुई बालकको झाडापखालाबाट मृत्यु भएको छ । - कान्तिपुर दैनिक*

## झाडापखालाको रोकथाम कसरी गर्ने ?

रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु उत्तम उपाय हो । ज्यादै सरल तथा कम खर्चिला उपायहरूबाटै झाडापखालाजन्य रोगहरूको प्रकोपलाई कम गर्न सकिन्छ । दैनिक खानपान र सरसफाइसम्बन्धी आनीबानीमा केही बढी सावधानी अपनाउन सके मात्र पनि हामी धेरै हदसम्म यो खतराबाट मुक्त हुन सक्छौं । झाडापखाला लाग्ने प्रमुख कारण फोहोरमैला, दूषित पानीको प्रयोग, सरसफाइसम्बन्धी बानीब्यवहारको कमी, कुपोषण आदि हुन् । त्यसैले चर्पीमा मात्र दिसापिसाब गर्ने, चर्पीमा गएर आएपछि, बच्चाहरूको दिसा सफा गरेपछि, खाना पकाउनु, छुनु, खानु वा खुवाउनु अगि र फोहोरमैला छोएपछि राम्ररी साबुन पानीले हात धुने, सधैँ छोपेर राखेको वा झिंगा नभन्केको खाना र पानी मात्र खानेजस्ता सुन्दा सामान्य लाग्ने तर स्वास्थ्यसम्बन्धी ठूला जोखिमहरूबाट बचाउने सरल उपायहरू अपनाउनु पर्दछ । सरुवा रोगहरूको प्रकोपमा कमी आउन सकेमा धेरै बालबालिकाहरूमा हुने कुपोषणको अवस्थामा स्वतः सुधार आउँछ ।

## झाडापखालाको उपचार कसरी गर्ने ?

रोकथाम गर्दा गर्दै पनि झाडापखाला लागिहाल्यो भने यसको उपचार कसरी गर्ने ? माथि उल्लेख भए झैं झाडापखाला लाग्ने कारणहरू धेरै हुन सक्छन् । त्यसैले पखाला चल्ने बित्तिकै त्यसको कारण नै नबुझी बजारमा पाइने औषधिहरू त्यत्तिकै खाइहाल्नु हुँदैन । अनुमानका भरमा औषधिको प्रयोग गरियो भने त्यसले झन् बढी खतरा निम्त्याउन सक्छ, कतिपय अवस्थामा त ज्यान पनि जान सक्छ । त्यसैले बजारमा पाइने औषधिहरूको प्रयोग गर्नुअगि सम्बन्धित स्वास्थ्यकर्मीको सल्लाह लिनु बढी उचित हुन्छ । तर हाम्रो गाउँघरमा सधै सबै ठाउँमा स्वास्थ्यकर्मीहरू भेट्न सकिने अवस्था छैन । यस्तो अवस्थामा सामान्य झाडापखाला हँदा घरैमा त्यसको उपचार गर्न सकिने तरिकाहरू पनि छन्, जुन धेरै मानिसहरूका लागि व्यावहारिक र प्रभावकारी हुन्छ, त्यो हो जीवनजलको प्रयोग ।

## जीवनजलको प्रयोग कसरी गर्ने?

जीवनजल किन्दा प्याकेटमा लेखेको मिति हेर्नुहोस् । म्याद नाघेको औषधि नकिन्नुहोस् । किन्नु अगि प्याकेटभित्रको धुलो औषधि जमेको छ छैन भन्ने थाहा पाउन प्याकेट हल्लाएर वा बाहिरबाट

छामेर जाँच गर्नुहोस् । धुलो जमेको वा डल्ला परेको भए त्यस्तो औषधि नकिन्नुहोस् ।

- ✎ जीवनजल बनाउनु अगि साबुन पानीले राम्ररी हात धुने ।
- ✎ सफा भाँडोमा ६ चिया गिलास (एक लिटर) उमालेर सेलाएको अथवा सुरक्षित धारा वा ट्युववेलको सफा पानी नापेर खन्याउने ।
- ✎ प्याकेट खोलेर सबै धुलो उक्त पानीमा मिसाउने
- ✎ उक्त धुलो राम्ररी बिलाउन्जेलसम्म चम्चाले चलाउने ।
- ✎ बिरामीलाई आवश्यकतानुसार पटक पटक खुवाउने र बाँकी जीवनजल सफा ढकनीले छोपेर सुरक्षित ठाउँमा राख्ने ।

घरमा बिरामी भएको बेला कहिलेकाहीँ आत्तिएर वा हतारिएर पानीको मात्रा नमिलेको हुनसक्छ । त्यसैले बिरामीलाई जीवनजल दिनुअगि आफैले स्वाद चाखेर हेर्नुहोस् । यसको स्वाद हल्का नुनिलो (आँशुजस्तो) हुनुपर्दछ । पानीको मात्रा कम वा बढी भएर र जीवनजलको स्वाद चर्को भयो भने त्यसले बिरामीलाई नराम्रो असर पनि पार्न सक्छ ।

### जीवनजल कसरी प्रयोग गर्नु हुँदैन ?

- ✎ पानीमा जीवनजलको धुलो मिसाइसकेपछि त्यो पानीलाई उमाल्नु हुँदैन,
- ✎ चियामा चिनी हालेर खाए झैं गरि जीवनजल खानु वा खुवाउनु हुँदैन । सानो बच्चाका लागि त हो नि भनेर जीवनजलको धुलोलाई चम्चाले थोरै थोरै गरी पानीमा मिसाउँदै खुवाउनु हुँदैन ।
- ✎ जीवनजल २४ घण्टाभन्दा बढी समय राखेर खानु वा खुवाउनु हुँदैन । धेरै भयो वा खाइसकिएन भने फालिदिनुपर्छ ।
- ✎ जीवनजललाई दूध, फलफूलको रस, तरकारीको रस आदि कुराहरूमा मिसाउनु हुँदैन ।

*गाईघाट, १३ असार– उदयपुरसँग जोडिएको सिन्धुलीको लदाभीर गाविसमा चार दिनदेखि फैलिएको झाडापखालाबाट एक सयभन्दा बढी गाउँले प्रभावित भएका छन् । वाड नं. २ सुधारे गाउँका ३० घरका सबै बिरामी परेको स्थानीय कुमार थामीले बताए । बिरामीमध्ये अधिकांशको प्राथमिक स्वास्थ्यकेन्द्र कटारी उदयपुरमा उपचार भइरहेको छ । – राजधानी दैनिक*

### बच्चालाई झाडापखाला लाग्दा अभिभावकले जान्नै पर्ने मुख्य कुराहरूः

१. जलवियोजन हुन नदिन बच्चालाई अरु बेला दिने गरेको भन्दा बढी झोलपदार्थ खुवाउने :

भातको माड, गेडागुडीको रस, पानी, जीवनजल आदि खुवाउने, बच्चाले खान मन गरेसम्ममात्र खुवाउने र पखाला बन्द नहुन्जेलसम्म खुवाइरहने ।

२. कुपोषण हुन नदिन प्रशस्त खानेकुरा खुवाउनेः

आमाको दूध खाने बच्चा भए बारम्बार दूध चुसाइराख्ने, ६ महिना नपुगेका र ठोस आहारा खुवाउन नथालेका बच्चालाई गाइवस्तुको दूध खुवाउनु पर्दा आधा भाग दूध र आधा भाग पानी राखेर खुवाउने । बच्चा ६ महिनाभन्दा बढीको भए वा ठोस आहारा खुवाउन थालेको भए भात वा माडयुक्त खाना साथै राम्ररी पकाएको सागपात पनि खुवाउने, फलफूलको रस, मिचेको केरा (यसले पोटासियम तत्व दिन्छ) खुवाउने । ताजा, राम्ररी पाकेको, मिचेको र पिसेको नरम खानेकुराहरू दिने । बच्चालाई कम्तिमा दिनको ६ पटकसम्म खुवाउने । पखाला रोकिएपछि पनि बच्चालाई दुई हप्तासम्म नियमित खानाका साथै थप नरम खानाहरू पनि खुवाइरहनु पर्दछ ।

३. दिनसम्म पखाला नरोकिएमा वा ज्यादै पातलो दिसा गरेमा, बारम्बार बान्ता गरेमा, दिसामा रगत देखिएमा, ज्वरो आएमा, तालु धसिएमा र खान पिउन छाडेमा झोलिलो खानेकुरा खुवाउँदै बच्चालाई तुरुन्तै नजिकको स्वास्थ्यकेन्द्रमा लैजानुपर्दछ ।

झाडाखालाले सबै उमेरका मानिसहरूलाई प्रभावित गर्दछ । तापनि यसबाट पाँच वर्ष मुनिका बच्चाहरू बढी प्रभावित हुने गरेका छन् । यस रोगले गर्दा उनीहरूको मृत्यु हुने मात्र नभई शारीरिक विकासमा पनि नराम्रो असर पर्दछ । त्यसैले झाडापखालाबाट बच्न माथि उल्लेख गरिएका कुराहरूलाई अपनाउनु आवश्यक छ ।

## उपत्यकाको ६0 प्रतिशत पानी दूषित

खानेपानी संस्थानद्वारा उपत्यकामा वितरित झण्डै साठी प्रतिशत खानेपानी दूषित पाइएको छ। विभिन्न संघ संस्थको पहलमा भएको पानी परीक्षण प्रतिवेदबाट उक्त निष्कर्ष निस्केको हो।

वातावरण संरक्षणका लागि कार्यरत संघसंस्थाहरूको पहलमा गत जेठ ११ गते राजधानीका ५४ ठाउँबाट ५० जना प्राविधिकले संकलन गरेको पानीको नमूना परीक्षण गरिएको थियो। शुक्रबार दिइएको जानकारीअनुसार ३१ वटामा ब्याक्टेरिया देखापरेका छन्। यो कूल परीक्षण नमूनाको ५७ प्रतिशत हुन आउँछ।

प्राविधिकहरूले महांकालचौर, बालाजु, फर्पिङ, बाँसबारी, महाराजगञ्ज तथा ललितपुर र भक्तपुरका खानेपानी संस्थानका पानीका स्रोतलगायत विभिन्न स्थानबाट नमूना संकलन गरेका थिए। फिकल कोलिफर्म ब्याक्टेरियाको सूचक मानेर नमूनाको परीक्षण गरिएको थियो। नमूनाका रुपमा लिइएको पानीमध्ये बौद्ध, बत्तीसपुतली, टंगाल नयाँसडक, त्रिपुरेश्वर, स्वभम्भूलगायत अधिकांश क्षेत्रको पानी दूषित रहेको परीक्षण प्रतिवेदनमा उल्लेख छ।

ललितपुर र भक्तपुरका पानीका नमूनाले त्यस ठाउँको पानी कम मात्रामा दूषित देखिएको प्रतिवेदनमा उल्लेख छ। ट्रोपिलक तथा सरुवा रोग अस्पतालको तथ्याङ्कअनुसार जेठ महिनाको मध्यसम्ममा भर्ना भएका १३ सयभन्दा बढी झडापखालाबा बिरामीमध्ये उक्त क्षेत्रबाट कम मात्रामा उपचारका लागि पुगेका छन्।

वातावरण तथा जनस्वास्थ्य संस्था (एन्फो) का कार्यकारी निर्देशक डा. रोशनराज श्रेष्ठले खानेपानी संस्थानकाको वितरण प्रणाली धेरै पुरानो र कमजोर हुनु नै पानी प्रदूषणको प्रमुख कारण रहेको जानकारी दिनुभयो।

पानीमा क्लोरिन प्रयोग गरेको आधा घण्टापछि पानीमा यसका मात्रा शून्य दशमलव दुईदेखि शून्य दशमलव पाँच मिलिग्राम प्रतिलिटर हुनुपर्छ। संस्थानले वितरण गरेको दुई ठाउँको पानीको नमूनामा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डभन्दा बढी क्लोरिन पाइएको प्रतिवेदनमा उल्लेख छ। लैनचौर र पुल्चोकको नमूनामा क्रमशः १ र ५ प्रतिशत बढी क्लोरिन फेला परेको छ।

दूषित पानी वितरणको समस्या निराकरण गर्न पानीमा क्लोरिनको मात्रा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार राख्नुपर्ने डा. श्रेष्ठले बताउनुभयो ।

'खानेपानी वितरण प्रणाली पुराना भएकाले क्लोरिन सबै ठाउँमा नपुगेको हुनसक्छ' खानेपानी संस्थानका नायब महाप्रबन्धक नरेन्द्रमान प्रधानले भन्नुभयो। पानीको वितरण चौबीसै घण्टा नभएमा गुणस्तर कायम गर्न गाह्रो हुने दावी उहाँले गर्नुभयो। टेकु अस्पतालका डा. देवेन्द्र भुसालले हैसा र झाडापखाला फैलिनुमा दूषित पानी प्रमुख कारण भएको बताउनुभयो। दूषित खाद्यपदार्थ र पानीले फैलिने यस रोगलाई नियन्त्रणका लागि सर्वसाधारण आफैं सजग हुनुपर्ने आवश्यकतामा चिकित्सकहरूले जोड दिएका थिए।

*२०६१ जेठ १५ गतेको कान्तिपुर दैनकबाट उद्धृत गरिएको*

## चर्पी बनाउने सरल योजना

# समुदायमा सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना

- लवहरि बुढाथोकी

घरमा एउटा राम्रो चर्पी बनाउने बर्षौंदेखिको जमुनाको इच्छा यसपालि मात्र पूरा भयो । घर छेउ सफा चर्पी नहुँदा उनी आफूलाई त असजिलो थियो नै, कहिलेकाहीँ घरमा पाहुना आएका बेला राम्रो चर्पी नभएकाले उनलाई लाजमर्नु हुन्थ्यो । उदयपुर जिल्लाको पञ्चावती गाउँ विकास समितिकी बासिन्दा जमुना भट्टराई यसभन्दा अगि गाउँठाउँमै चर्पीका सामग्री र चर्पी बनाउने सीप भएका मानिस नपाइने भएकाले मन हुँदाहुँदै पनि चर्पी बनाउन नसकिएको कुरा बताउँछिन् ।

हाम्रो समाजमा व्याप्त सरसफाइसम्बन्धी जनचेतनाको अभाव र मानिसहरूको कमजोर आर्थिक अवस्था चर्पी नहुनुका मुख्य कारण हुन् । तर चर्पी बन्न नसक्नुको अर्को एक मुख्य कारण हो, चर्पीका सामग्रीहरूको अनुपलब्धता तथा दक्ष जनशक्तिको कमी ।

उल्लिखित पछिल्लो कारणलाई मध्यनजर गर्दै उदयपुर जिल्लाको पञ्चावतीका बासिन्दाहरूलाई स्थानीय स्तरमै चर्पी बनाउन चाहिने सम्पूर्ण सामग्री तथा चर्पी सफा राख्न चाहिने सरसामान सुलभ तरिकाले उपलब्ध गराउने कामको थालनी भएको छ । जिल्लाको सदरमुकाम गाईघाटबाट ५० किलोमिटर पश्चिममा पर्ने पञ्चावतीको नेपालटार बजारमा नेवाको सहयोगमा पञ्चावती ग्रामीण विकास केन्द्र (PRDC) ले स्थापना गरेको 'पञ्चावती सरसफाइ प्रवर्द्धन केन्द्र' ले सो क्षेत्रका बासिन्दालाई चर्पी बनाउन र नियमित रुपमा प्रयोग गर्न धेरै सहयोग पुऱ्याएको छ ।



सरसफाइ प्रवर्द्धन केन्द्रका सामग्री प्रयोग गरी बनाइएको चर्पी

दुर्गम पहाडी क्षेत्रका बासिन्दामा चर्पी बनाउने चेतना र प्राविधिक ज्ञानको कमी एवम् स्थानीय पसलमा चर्पी निर्माणको सामग्री नपाइने भएकाले सबैलाई यससम्बन्धी चेतना जगाई स्वास्थ्य र सरसफाइमा सुधार ल्याउने उद्देश्य लिई २०५९ साल फागुन महिनामा सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना गरिएको हो । यस केन्द्रमा खासगरी चर्पी निर्माणका लागि आवश्यक पर्ने प्यान, पोलिथिन पाइप, सिमेन्ट, किला, कब्जा, ब्रस, बाल्टीन, जग, हरपिक आदि उपलब्ध छन् । यसैगरी खानेपानीको मर्मतसंभारका लागि नभई नहुने वासर, धाराको टुटी र खानेपानी प्रणालीमा प्रयोग हुने फिटिङ्सहरू उपभोक्ताहरूलाई पायक पर्ने स्थानमा राखिएको छ । यस केन्द्रमा हाल करिब ८२ प्रकारका सामग्री राखिएका छन् । उक्त सामग्रीको ढुवानी खर्च एवम् नाफा समावेश नगरी गाईघाट र लाहान बजारमा पाइने थोक मूल्यमा नै बिक्री गर्ने व्यवस्था गरिएको छ ।



नेपालटारमा स्थापित सरसफाइ प्रवर्द्धन केन्द्र

पञ्चावती ग्रमीण विकास केन्द्रका सभापति जनक गिरीका अनुसार लगभग १२ सय घरधुरी रहेको पञ्चावती गाउँ विकास समितिमा हालसम्ममा पाँच सय घरमा मात्र चर्पी बनिएका छन् । चर्पी नभएका अधिकांश परिवारलाई चर्पी बनाउन तथा यसको नियमित प्रयोगमा सहयोग पुऱ्याउन सरसफाइ प्रवर्द्धन केन्द्र प्रभावकारी हुन थालेको अनुभव सभापति गिरीको छ । चर्पीका लागि अनुदान दिने व्यवस्था गरी कर्मचारीहरूको व्यवस्था र समयावधि निर्धारण गरेर सञ्चालन गरिने आयोजनाभन्दा सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना प्रभावकारी र कम खर्चिलोसमेत पर्ने दावी उहाँ गर्नुहुन्छ ।

यस कार्यक्रमले नयाँ चर्पी बनाउन मात्र नभई अन्य संघ संस्थाको सहजीकरण एवम् स्वस्फूर्त रुपले विगत वर्षहरूमा चर्पी बनाएका उपभोक्ताहरूलाई समेत चर्पीको गुणस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याएको कुरा तल्लो जग्रेटारका ईश्वर भट्टराई व्यक्त गर्नुहुन्छ ।

घरमा चर्पी भएपछि सरसफाइको स्थितिमा सुधार त आउने नै भयो, अरुका सामुन्ने पनि इज्जत बढेको अनुभव यहाँका बासिन्दाहरूको छ । "घरमा चर्पी नहुँदा बुवा त छिमेकीसँग चर्पीको साँचो मागेर जानुहुन्थ्यो, तर म र आमाले धेरै दुःख ब्यहोरिरहनु परेको थियो । अहिले त मेरै करले सरसफाइ प्रवर्द्धन केन्द्रबाट सामग्री ल्याएर घरमा चर्पी बनाएकाले सजिलो त भको छ नै, अरुले 'चर्पी नहुने घर' पनि भन्न पाएनन् ।" कक्षा दशमा अध्ययनरत नेपालटारकी रञ्जना गुरुङ बताउनु हुन्छ । पञ्चावती-४, राजाबासकी ७० वर्षीया विष्णुमाया निरौला घरमा चर्पी बनिएपछि पहिलेजस्तो लडेर चोटपटक लाग्ने समस्याबाट मुक्ति पाएको बताउनुहुन्छ ।

राजबासकै मीना राई भने चर्पी बनाउने इच्छा हुँदाहुँदै पनि आर्थिक अभावका कारणले गर्दा बनाउन नसकेको बताउनुहुन्छ । त्यसैले विपन्नलाई चर्पी बनाउन सामग्री र सल्लाह मात्र नभई केही आर्थिक सहयोग पनि गर्नुपर्ने धारणा उहाँको छ ।

सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापनादेखि हालसम्म ७४ सेट चर्पीको सामग्री बिक्री भइसकेको र ५६ घरले चर्पी निर्माण गरी प्रयोगमा ल्याएको कुरा केन्द्रका सरसफाइ परिचालक कृष्ण कुमार गिरीले बताउनु भयो । उहाँका अनुसार बाँकी घरहरू पनि चर्पी निर्माणको क्रममा रहेका छन् ।

चर्पी निर्माण कार्यलाई स्तरीय र सरल बनाउन स्थानीय उपभोक्तामध्येबाट सात जनालाई चर्पी निर्माणसम्बन्धी तालिम प्रदान गरिएको थियो ।

यस कार्यक्रमका लागि नेवाले १ लाख ७३ हजार रुपैयाँ उपलब्ध गराएको छ । उक्त रकम घुम्ती कोश (Revolving fond) मा राखिएको छ । आगामी दिनमा यस अभियानलाई कसरी सहयोग गर्ने भन्ने कुरा यस कार्यक्रमको मूल्याङ्कन अध्ययन प्रतिवेदनले दिएको सुझावका अधारमा निर्धारण हुने कुरा नेवाको स्वास्थ्य शाखाबाट थाहा भएको छ । परीक्षणका रुपमा सुरु गरिएको यो कार्यक्रम प्रभावकारी पाइएमा अन्य दुर्गम ग्रामीण क्षेत्रमा पनि विस्तार गरिने लक्ष्य रहेको छ ।

# समुदायको अगुवाइमा सञ्चालित पूर्ण सरसफाइ कार्यक्रम र हाम्रो अनुभव

*लक्ष्मी पौड्याल*

*'..यस समुदायमा सरसफाइ प्रवर्द्धनका लागि कुनै काम हुन नसक्नु चाहिँ विडम्बना भएको छ। यस समुदायमा एउटा घरमा पनि चर्पी छैनन्। ..समुदायलाई समयमै स्वास्थ्य र सरसफाइसम्बन्धी विषयमा चेतनशील बनाउन नसकेकाले उनीहरू सरसफाइ प्रवर्द्धनप्रति उदासीन देखिएका छन्।'* ठीक एक वर्ष अगि यसै पत्रिकामा पङ्तिकारद्वारा धादिङ जिल्लाको कार्कीडाँडाका बारेमा लेखिएको लेखका केही अंश हुन् यी। बाह्र वर्ष अगि वाटरएड नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी आयोजना सम्पन्न भएको यस गाउँमा खानेपानी प्रणालीको व्यवस्थापन ज्यादै राम्ररी गरिएको भए पनि गत वर्षसम्म त्यस समुदायमा सरसफाइको अवस्था भने ज्यादै नाजुक थियो। 'कार्कीडाँडा : खानेपानीमा जस्तै सरसफाइमा कहिले अगि बढ्ला ?' भन्ने शीर्षकको उक्त लेखले कार्कीडाँडाको त्यतिखेरको अवस्थालाई झल्काउने प्रयास गरेको थियो।

यसको एक वर्षपछि अर्थात् अहिले यस गाउँका ७० घरमध्ये हालसम्ममा आफ्नै लगानी र मेहनतले १७ घरले चर्पी बनाएर प्रयोग गर्न थालेका छन्। सात घर चर्पीको घर निर्माणमा संलग्न छन्। अन्य मानिसहरू पनि खाडल खन्ने, चर्पीका लागि स्थानीय सामग्री जुटाउने तर्खरमा छन्। स्थानीय विद्यालयमा निर्मित चर्पीको उचित प्रयोग भएको छ। बाटोघाटो, घर-आँगन, धारा पनि पहिलेभन्दा धेरै सफा देखिन्छन्। पहिले पहिले सरसफाइ सप्ताहको नाम नै नसुनेका यहाँका बासिन्दाले यसपाली विविध कार्यक्रमका साथ गाउँमा पहिलोपटक चर्पी उद्घाटन गरेर सरसफाइ सप्ताह समेत मनाए।

## पूर्ण सरसफाइतर्फ उन्मुख समुदाय

केवल एक वर्षको अवधिमा कार्कीडाँडामा यस्तो परिवर्तन कसरी संभव भयो भन्ने जिज्ञासा स्वाभाविक रुपमा उठ्छ। नेवा तथा वाटरएड नेपालका कर्मचारीहरूद्वारा गत वर्ष गरिएको बंगालादेशका केही गाउँहरूको अवलोकन भ्रमण तथा त्यसका सिकाईहरू नै यो परिवर्तनका कारक तत्व बन्न पुगे। गत वर्ष नै बंगलादेशको ग्रामीण क्षेत्रमा 'समुदायको अगुवाईमा सञ्चालित पूर्ण सरसफाइ' (Community Led Total Sanitation-CLTS) नामक नयाँ पद्धतिअनुरुप सञ्चालित कार्यक्रमबाट त्यहाँका चार सय गाउँहरू 'पूर्ण सरसफाइयुक्त गाउँ' घोषणा भइसकेका थिए। बाहिरी संस्थाको भूमिका सहजकर्ताको रुपमा मात्र हुने, समुदायका मानिसहरूले कुनै अनुदान वा सहुलियत बिना नै आफ्नो क्षमताअनुसारको चर्पी निर्माण तथा प्रयोग गर्ने कुरा यस पद्धतिको मूलमन्त्र थियो। सरसफाइको अवस्था ज्यादै नाजुक भएको हाम्रो देशमा पनि यस अवधारणाको अनुसरण गर्नु पर्ने महशुस भ्रमणदलका सदस्यहरूलाई भएको थियो।



*कार्कीडाँडाको विद्यालयका छात्रछात्राहरू खुल्ला ठाउँमा दिसा गरिने ठाउँको पहिचान गर्दै, इन्सेटमा निर्माणाधीन चर्पी खाडल*

तर चर्पीको प्रयोग गर्ने चलन नभएको वा ज्यादै कम भएको हाम्रोजस्तो समाजमा वाह्य अनुदान बिना, समुदायका सबै घरमा चर्पी बनेर व्यवस्थित रुपमा त्यसको प्रयोग गर्ने र स्वस्थ्यकर बानी व्यवहारको विकास गर्ने भन्ने कुरा चानचुने थिएन। समुदायमा सरसफाइको महत्त्व र आवश्यकता बोध गराउन सकेमा यो कुरा असम्भव छैन भन्ने प्रमाणित त बंगलादेशका चार सय गाउँहरूले गरिसकेका थिए। हाम्रो देशमा यस पद्धतिअनुसार अगि बढ्न कसरी सहजीकरण गर्ने ? समुदायका सदस्यहरूलाई 'बाहिरी सहयोग बिना पनि विकास कार्य संभव छ' भन्ने कुरामा आत्मविश्वास कसरी जगाउने ? यस पद्धतिको परीक्षण गरी देश सुहाउँदो बनाउने कुरामा सरकारी तथा गैरसरकारी संघ-संस्थाबीच कसरी ऐक्यवद्धता कायम गर्ने भन्ने कुराहरू चुनौतीका रुपमा थिए।

कार्कीडाँडामा नेवाद्वारा सम्पन्न फर्केर हेर्दा अध्ययन (Looking Back Study) बाट त्यहाँका बासिन्दाहरूले सरसफाइका सुविधाहरू हुनुपर्ने राय व्यक्त गरेको पाइयो। यसैले बंगलादेशमा सफल ठहरिएको समुदायको अगुवाईमा पूर्ण सरसफाइ पद्धतिलाई नेपालका सन्दर्भमा परीक्षण गर्ने उपयुक्त समुदायको रुपमा नेवाले कार्कीडाँडालाई नै रोज्यो।

प्रणालीको उचित तथा नियमित मर्मतसम्भार, यसले गर्दा खानेपानीको नियमित, पर्याप्त तथा भरपर्दो आपूर्तिजस्ता कारणले कार्कीडाँडा खानेपानी आयोजना संभवतः नेपालकै उत्कृष्ट खानेपानी आयोजना भित्र पर्छ। दिगो विकासको उत्तम उदाहरणका रुपमा यो आयोजना रहेको छ। तर नमूना आयोजना भइकन पनि सरसफाइको नाजुक अवस्थाले यहाँको सफलताले पूर्णता नपाएको अनुभव भएकाले कार्कीडाँडामा समुदायको अगुवाइमा सञ्चालित पूर्ण सरसफाइ पद्धति अनुरुप अगि बढ्ने निर्णय लिइएको थियो।

यो पद्धति बाहिरी संस्थाले समुदायमा लागू गर्ने सरसफाइसम्बन्धी मोडल र सरसफाइ कार्यक्रम सञ्चालन गर्दा दिइने सहुलियतमा आधारित नभई समुदायको आफ्नो अगुवाइमा मानिसहरूको क्षमताअनुसारको स्वस्थकर चर्पीको निर्माण, चर्पीको सही प्रयोग र व्यवस्थापन तथा स्वस्थकर आनीबानीलाई व्यवहारमा लागू गर्ने कुरासँग सम्बन्धित छ। यस पद्धतिको मूलभुत आशय चर्पी बनाउनका लागि समुदायलाई दबाव दिनु नभई सरसफाइको महत्त्व बुझाउन हो। यसबाट मानिसमा सरसफाइसम्बन्धी आनीबानीमा सुधार ल्याउने चाहना जागोस् र चर्पी निर्माण, त्यसको सही प्रयोग र व्यवस्थापनमा समुदाय आफैं लागि परुन्, आयोजनाको दिगोपन रहिरहोस् भन्ने यस पद्धतिको ध्येय हो।

तर हामीले परीक्षण गर्न सोचेको कार्यक्रमको यो अवधारणा र बाहिरी संस्थाबाट सहयोग, अनुदान, सहुलियत आदि पाउने समुदायको आशामुखी प्रवृत्तिबीच ठूलो अन्तर थियो। पहिले पहिलेका छलफलहरूमा 'एक बोरा सिमेन्ट, छानाका लागि जस्तापाता र प्यान त नेवाले देला नि', 'अरु गाउँमा त चर्पी बनाउनेले सिमेन्ट, पाइप पाएका छन्, अरुले दिएको त दिनु पर्यो नि' जस्ता टिप्पणी सुनिने गर्थे। त्यसैले यो पद्धतिअनुरुप अगि बढ्न अप्ठ्यारो

*यो पद्धति बाहिरी संस्थाले समुदायमा लागू गर्ने सरसफाइसम्बन्धी मोडल र सरसफाइ कार्यक्रम सञ्चालन गर्दा दिइने सहुलियतमा आधारित नभई समुदायको आफ्नो अगुवाइमा मानिसहरुको क्षमताअनुसारको स्वस्थकर चर्पीको निर्माण, चर्पीको सही प्रयोग र व्यवस्थापन तथा स्वस्थकर आनीबानीलाई व्यवहारमा लागू गर्ने कुरासँग सम्बन्धित छ ।*

पर्छ कि जस्तो आशंका पनि उब्जिएको थियो।

तर समुदायसँगको नियमित छलफलले गर्दा सरसफाइ कार्यक्रमलाई यही पद्धति अनुरुप सञ्चालन गर्ने कुरामा सहमति प्राप्त भयो। खानेपानी व्यवस्थापन समितिका पदाधिकारीहरूले ३० प्रतिशत गाउँलेहरूलाई बाहिरी सहयोग बिना आफ्नै लगानी र मेहेनतमा चर्पी बनाउने र प्रयोग गर्ने कुरा सम्झाउन बुझाउन सकिन्छ, काम गर्दै जाँदा अरुले पनि यसको अनुसरण गर्न थाल्नेछन् भन्ने राय दिए। यसपछि हामीलाई अगि बढ्न सजिलो त भयो तर हाम्रा सामु समुदायमा कसरी सहजीकरण गर्ने भन्ने चुनौती बाँकी नै थियो। त्यतिखेरसम्म नेवा लगायत नेपालमै समुदायको अगुवाइमा सञ्चालित पूर्ण सरसफाइ पद्धतिको अनुभवी र तालिमप्राप्त जनशक्ति थिएन। तर पनि करिव एक हप्ता बंगलादेश बस्दा हासिल भएको अनुभव र त्यस पद्धतिसँग सम्बन्धित केही अभिलेखहरूको अध्ययनका आधारमा गएको पुष महिनादेखि कार्कीडाँडामा यो पद्धति लागू भयो।

अन्य आयोजनामा भन्दा कार्कीडाँडामा अपनाइएको सहजीकरणको प्रक्रिया बेग्लै किसिमको छ। यहाँ एक जना सिनियर स्वास्थ्य उत्प्रेरक र एक जना स्थानीय स्वास्थ्य उत्प्रेरकले विभिन्न विधिबाट समुदायमा स्वास्थ्य र सरसफाइको महत्त्व दर्शाई उत्प्रेरणा जगाउने गर्दछन्। महिला पुरुष समविकासको अवधारणाअनुरुप सहजीकरण प्रक्रियालाई अगि बढाइएको छ। एक जना महिला र दुई जना पुरुषलाई चर्पी निर्माणसम्बन्धी प्राविधिक तालिम दिइएको छ। आयोजना व्यवस्थापन, स्वास्थ्य तथा सरसफाइ-सम्बन्धी तालिममा आयोजना व्यवस्थापन समिति र धारा प्रतिनिधिहरूलाई संलग्न गराइएको छ।

समुदायका मानिसहरूमा सरसफाइको आवश्यकता बोध गराउन विभिन्न उत्प्रेरणामूलक विधिहरूको प्रयोग गरिएको छ। मानिसहरूले खुल्ला रुपमा दिसा गर्ने ठाउँहरूको नक्सा तयार गर्ने, खुला रुपमा दिसा गर्ने ठाउँमा झण्डा गाड्ने, दिनभरिमा खुल्ला ठाउँमा कति दिसा थुप्रिन्छ भन्ने कुराको लेखाजोखा गर्ने, खुला ठाउँमा भएको दिसाका कीटाणुहरू थाहा नपाइकन कसरी हाम्रो पेटमा पुग्छन् र यसले स्वास्थ्यमा कस्तो असर पार्छ भन्ने जस्ता कुराहरूबारे व्यापक छलफल गरिन्छ।

कार्कीडाँडाको प्राथमिक विद्यालयका शिक्षक रामहरि सुवेदी विद्यार्थीहरू पहिलेभन्दा सुकिला भएर विद्यालय आउने गरेको, पहिलेजस्तो खोल्साखाल्सीतिर दिसापिसाब नगरी चर्पीमा दिसा गर्ने गरेको र स्कूल वरिपरिको सरसफाइसम्बन्धी वातावरण पनि पहिले भन्दा सुधारिएको बताउनु हुन्छ।

### सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना

चर्पी बनाउन र सफा राख्न चाहिने सामग्रीहरू सजिलो र सस्तोमा उपलब्ध गराउनका लागि गाउँ नजिकैको सिम्ले बजारमा स्थानीय व्यापारीसँग समन्वय गरी समुदायकै पहलमा सरसफाइ प्रवर्द्धन केन्द्रको स्थापना गरिएको छ। यसबाट समुदायका मानिसहरूले सजिलोसित सरसफाइसम्बन्धी सामग्री पाउन थालेका छन्।

*अन्य आयोजनामा भन्दा कार्कीडाँडामा अपनाइएको सहजीकरणको प्रक्रिया बेग्लै किसिमको छ । यहाँ एक जना सिनियर स्वास्थ्य उत्प्रेरक र एक जना स्थानीय स्वास्थ्य उत्प्रेरकले विभिन्न विधिबाट समुदायमा स्वास्थ्य र सरसफाइको महत्त्व दर्शाई उत्प्रेरणा जगाउने गर्दछन् । महिला पुरुष समविकासको अवधारणाअनुरुप सहजीकरण प्रक्रियालाई अगि बढाइएको छ । एक जना महिला र दुई जना पुरुषलाई चर्पी निर्माणसम्बन्धी प्राविधिक तालिम दिइएको छ ।*

गत वर्ष जेठ महिनामा खानेपानी उपभोक्ता समितिका सदस्य कर्ण बहादुरलाई 'के भएर झाडापखाला लाग्छ' भनेर सोधिएको प्रश्नमा 'थाहा छैन' भन्ने उत्तर पाइएको थियो। 'किन चर्पी नबनाउनु भएको' भनेर सोध्दा उहाँले 'बाबु बाजेले नबनाएको चर्पी बनाउने सीप पनि छैन, कसैले बनाउनु पर्छ पनि भनेका छैनन्' भन्ने उत्तर दिनुभएको थियो। तर आजभोलि उहाँ लगायत समुदायका अन्य मानिसहरू सरसफाइप्रति सचेत देखिन्छन्।

नेपालका लागि यो पद्धति नौलो भएकाले यो पद्धतिअनुसारका कार्यक्रमलाई सुचारु रुपमा अगि बढाउने बाटामा केही चुनौतीहरू छन्। तर पनि सरसफाइका क्षेत्रमा विगतको अनुभवले गर्दा हामीले अलमल्लिनु परेको छैन। सहजीकरणको सुरुआत भर्खरै भएकाले यो पद्धतिलाई यसरी नै अगि बढाउनु पर्छ भन्ने बेला भइसकेको छैन। तर पनि कार्कीडाँडामा देखिएको सकारात्मक परिवर्तनले हामीलाई थप आत्मबल तथा विश्वास बढाएको छ। समुदायको भौगोलिक, सामाजिक र आर्थिक अवस्थाअनुसार यस पद्धतिको सहजीकरण प्रक्रियामा लचकता अपनाउनु पर्ने हुन्छ। पहाडी क्षेत्रमा गरिएको परीक्षणले पूर्णता नपाउने भएकाले नेवाले तराई क्षेत्रमा यस पद्धतिको परीक्षण गर्ने सोच बनाएको छ। यो पद्धति समुदायको आत्मबल र आत्मनिर्भरता बढाउने तथा दिगो विकासको मूलमर्मसँग सम्बन्धित भएकाले यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले यो पद्धतिलाई अगाडि बढाएमा नेपालको सरसफाइ क्षेत्रमा ठूलो आयाम थप्नेछ भन्ने कुरामा नेवा विश्वस्त छ।

## पूर्ण सरसफाइतर्फको दिशामा केउरा माउत गाउँ

एक वर्ष अगिसम्म समुदायका कुनै पनि घरमा चर्पी नभएको केउरा माउत गाउँका सबै घरमा यतिखेर चर्पी बनाउने काम धमाधम भइरहेको छ। फोहोर मुहानबाट अव्यवस्थित किसिमले ल्याइएको पानीको साटो व्यवस्थित किसिमले बनाइएका धाराहरूमा सफा मूलको पानी आउन थालेको छ। एकपटक चर्पी निर्माण गरेर मात्र हुँदैन, त्यसको दिगो रुपले उचित प्रयोग हुनुपर्छ भन्ने कुराप्रति समुदायका मानिसहरू सचेत भएका छन्।

धादिङ जिल्लाको सदरमुकाम धादिङबेंशीदेखि करिव नौ घण्टाको पदैल दूरीमा रहेको सेमजोङ गाउँ विकास समितिको वडा नं. ९ केउरा माउत गाउँ निकै दुर्गम गाउँ हो। बिजुली, टेलिफोनजस्ता भौतिक सुविधाबाट यहाँका बासिन्दा वञ्चित छन्।

यहाँको मुख्य पेशा खेतीपाती भए पनि यहाँका युवा वर्ग भारतीय सेना र अरब मुलुकहरूमा रोजगारीका लागि जाने गर्दछन्।

विकासका सबै अवसरहरूबाट वञ्चित भएर पिछडिएको यस गाउँमा केही समय अगिसम्म सरसफाइको अवस्था पनि ज्यादै नाजुक थियो। खानेपानीको पनि व्यवस्थित सुविधा थिएन। जथाभावी दिसापिसाब गर्ने चलनले पानीका मुहानहरू दूषित भएका हुन्थे। अस्थायी पाइपबाट गाउँमा पानी ल्याइए पनि पानीको उचित निकास नभएकाले गाउँका गल्लीहरू सधैं हिलाम्मे हुन्थे। सरसफाइसम्बन्धी चेतनाको अभावले गर्दा यहाँका मानिसहरूमा फोहोर कुराहरू छोएपछि, खाना खानु र पकाउनु अगि हात धुने तथा व्यक्तिगत सरसफाइमा ध्यान दिने सरसफाइसम्बन्धी उचित आनीबानीको विकास भएको थिएन। उचित सरसफाइको अभावले गर्दा समय समयमा गाउँमा झाडापखाला तथा अन्य पानीजन्य रोगहरूको प्रकोप हुने गर्दथ्यो।

यो अवस्थाबाट मुक्ति पाउन समुदायकै माग अनुसार नेवाको आर्थिक तथा प्राविधिक सहयोग तथा सामाजिक जागरण तथा विकास मञ्चको व्यवस्थापकीय सहयोगमा यस गाउँमा खानेपानी, स्वास्थ्यशिक्षा तथा सरसफाइ आयोजना सञ्चालन भइरहेको छ। यस आयोजनालाई जि. वि. स. धादिङको संघ संस्था प्रवर्द्धन तथा विकास सहयोग कोषबाट समेत आर्थिक सहयोग प्राप्त भएको छ।

आयोजना अन्तर्गत हाल सबै धारा तथा इन्टेकहरू निर्माण भइवरि सबै टोलमा सफा पिउने पानी वितरण भइसकेको छ। समुदायका सबै तप्काका मानिसहरूलाई सरसफाइसम्बन्धी आधारभूत ज्ञान दिनका लागि स्वास्थ्यशिक्षा कार्यक्रम पनि सञ्चालन भइरहेको छ।

*- हितबहादुर थापा*

## सञ्चार अभियानमा सर्वोत्कृष्ट ठहरिएका समाचरका मुख्य अंशहरू

# विराटनगरका सू र गू

*मधु राई दर्शन दैनिक*
*चैत्र ६, २०६०*

'देखो कुत्ता मूत रहा है ।' केही महिनाअधिसम्म विराटनगर र जोगबनीको सिमानामा पर्ने मिल्स एरियाको बाटाको छेउस्थित सार्वजनिक शौचालयसँगै टाँसिएको भित्तामा लेखिएको उपरोक्त वाक्य कसैले मेटाए पनि भित्ता चिसो पार्नेहरूको संख्यामा कुनै कमी आएको छैन । मानिसको बेवारिसे 'सू' ले सधैं चिसो देखिने उक्त ठाउँको सरसफाइको अवस्थाको अनुमान सजिलै गर्न सकिन्छ । यसरी बाटोघाटोमा आपत गर्ने ठूलाहरूले दिउसै सार्वजनिक बाटाछेउका भित्ताहरू भिजाउने गर्दछन् भने बिहानीपख ठूलासानाले तिनै बाटा र गल्लीलाई खुला शौचालयका रूपमा प्रयोग गर्ने गर्छन् ।

घरमा हुँदा सधैं चर्पी प्रयोग गर्ने शिक्षित भनाउँदाहरू नै घरको संघार काटेपछि चेतनाशून्य भएर सार्वजनिक बाटा गल्लीहरूमा जथाभावी सू गर्दै आफनो असभ्यपन प्रदर्शन गर्न लागिपरेका छन् । यसरी आफू शिक्षित भएर अशिक्षितलाई सरसफाइसम्बन्धी ज्ञानगुण सिकाउने शिक्षित समूहको असभ्यपनाको विराटनगर सरसफाइको दृष्टिकोणले झन्झन् दयनीय बन्दै गएको छ । आफ्नो व्यवहारले अरुलाई अप्ठ्यारो पर्छ भन्ने सोचको कमीका कारण विराटनगरका बाटा, गल्ली र नहरहरू गू र सू मुक्त क्षेत्र बन्न सकेका छैनन् ।

त्यसो त नगरपालिका र स्थानीय संघसंस्थाले नगरक्षेत्रमा नौ वटा सार्वजनिक शौचालयहरू बनाई दिएका छन् । तैपनि खुला शौच बस्नेहरूले ती शौचालयहरू प्रयोग गर्ने गरको पाइदैन । यस्तै खुला शौच बस्नेहरूले यस्ता सार्वजनिक शौचालय प्रयोग नगर्नुका थुप्रै कारण छन् । नगरपालिकाद्वारा निर्मित अधिकांश शौचालयमा पर्याप्त पानी र विद्युतको असुविधाका कारण सर्वसाधारणले त्यति प्रयोग नगरेको श्याम मेहत्तर बताउँछन् । उनी बसपार्क नजिक नगरपालिकाद्वारा निर्मित सार्वजनिक शौचालयको रेखदेख गर्छन् ।

त्यस्तै वर्षौंदेखि खुला शौच बस्ने संस्कार बसेका समुदायमा चर्पी प्रयोग गर्नुपर्छ भन्ने चेतनाको विकास भइसकेको छैन । यिनीहरूको बाहुल्य रहेको समुदायमा शिक्षित मानिसहरू बसोबास गर्दै आए पनि चर्पी प्रयोग गर्ने विषयले त्यति महत्त्व पाउने गरेको छैन । विशेष गरी यस्ता घरपरिवार वा समुदायमा चर्पी बनाउने कुरा आधारभूत आवश्यकता भित्र पर्दैन । दैनिक ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्ने मानिसहरू 'हामीलाई आज के खाउँ, भरे के लाउँको समस्या हुन्छ, खाएपछि फ्याँक्नुको के समस्या' भन्ने गर्छन् । यिनीहरूको यस्तो बाध्यात्मक पुरातन सोचका कारण विराटनगरमा सरसफाइसम्बन्धी कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् ।

एक लाख ६६ हजार ६ सय ७४ जनसंख्या र २२ वडा भएको विराटनगरको साक्षरता प्रतिशत ६३.५८ भए पनि नगरवासीमा सरसफाइको कमीले रोगव्याध लाग्न सक्छ भन्ने सामाजिक चेतनाको विकास भइसकेको छैन । विराटनगरको बजार क्षेत्रका केही भाग सफा देखिए पनि नगरका घुम्ती, बाटा र गल्लीहरूमा खुला शौच बस्ने संस्कार सामान्य देखिन्छ ।

यस्तै नगरलाई सफा र सुन्दर बनाउन लागि परेका स्थानीय संघसंस्थाले पनि बेलाबेलामा सरसफाइका अन्य कार्यक्रम गर्दै आएका छन् । यस्ता संघसंस्थाहरूले खुला शौच बस्नेहरूलाई कुनै सामाजिक वा कानूनी सजायको भागीदार बनाउने गरेका छैनन् ।

विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले सरसफाइसम्बन्धी थुप्रै अध्ययन अनुसन्धान गर्दै आएका छन् । यस्ता अध्ययन अनुसन्धानले सम्बन्धित निकायहरूलाई सल्लाह सुझाव पनि दिंदै आएका छन् । ती सुझावहरूलाई कार्यान्वयन गर्नेहरूमा सरसफाइसम्बन्धी चेतनाको कमीले कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । यस्तै सुला शौच बस्दा दिसाजन्य रोगले निम्त्याउन सक्ने मौन क्षतिका बारेमा सम्बन्धित निकायहरू संवेदनशील देखिदैनन् ।

# पुरुष फेरिरहने, महिला हेरिरहने

*अरूण बराल, जनआस्था साप्ताहिक*

गत मार्च १५ देखि २१ सम्म नेपालमा राष्ट्रिय सरसफाइ सप्ताह 'जथाभावी दिसापिसाब गर्नु अपराध हो' भन्ने तुलहरू टाँगेर मनाइयो । तैपनि तिनै तुलमुनि उभिएर पिसाब फेर्ने कुरामा कुनै कमी आउन सकेन । राजधानीका व्यस्त सडकहरूमा पनि लोग्ने मानिसहरू थेत्तरो भएर निर्धक्कसँग पिसाब फेरिरहेका देखिन्छन् । हाम्रो शहरमा सरकारी कार्यालयका भित्ताहरू पनि पिसाबले भिज्ने गरेका छन् । बसपार्कमा पार्किङ गरिराखेका बसहरूमा छलिएर पिसाब गरिरहेका पुरुषहरू उत्तिकै भेटिन्छन् । बर्सेनी राष्ट्रिय सरसफाइ सप्ताह मनाउने गरिन्छ । विभिन्न संस्थाहरूले सार्वजनिक स्थालमा दिसापिसाब गर्ने बानी हटाउन आवाज उठाउँदै आएका छन् । तैपनि किन सार्वजनिक स्थलहरूमा फोहोर पार्ने कार्य निरन्तर भइरहेको छ ? यसको खोजी गर्नु आवश्यक भएको छ ।

कलंकीको बाटोमा उभिएर पिसाब फेरिरहेका एक युवकलाई यसबारे प्रश्न गर्दा उनी ठाडो जवाफ दिन्छन् - शहरमा शौचालयको व्यवस्था छैन, त्यसैले बाटोमा पिसाब नफेरे कहाँ फेर्ने त ? अन्य धेरैको प्रतिक्रिया पनि सार्वजनिक शौचालय नभएकाले नै जतातत‌ै पिसाब फेर्न बाध्य हुनुपरेको हो भन्ने छ । शौचालय छेउमै भएर पनि सार्वजनिक स्थलमै पिसाब फेर्ने मानिसहरू देख्दा लाग्छ, यो पुरुषहरूमा व्याप्त एक अम्मल नै पो हो कि !

महिलाहरू भने सार्वजनिकस्थलमा पिसाब गर्ने र फोहोर पार्ने कार्यमा पुरुष जातिको मात्रै संलग्नता रहने गरेको आरोप लगाउँछन् । सार्वजनिक स्थलमा दिउसै पिसाब फेर्दै गरेकी कुनै युवती देख्नुभएको छ ? एक सामाजिक कार्यकर्ताले भनिन् । उनीहरूका अनुसार सार्वजनिकस्थलमा दिसा पिसाब नगरौं भन्ने सन्देश पुरुषहरूका लागि मात्र हो । साँच्चै हो, हामीले कहिल्यै कुनै महिलालाई सावर्जनिक ठाउँमा पिसाब फेरेको देखेका छैनौं । तर यसो भन्दैमा बाटो हिँड्दा पिसाब नै आउँदैन भन्ने होइन । जहाँसुकै सार्वजनिक शौचालय छैनन् र महिलाहरूले सार्वजनिक स्थलमा पिसाब फेरेको पनि पाइंदैन । उसोभए महिलाहरू यसको विकल्प कसरी पूरा गर्छन् त ? बाटो हिँड्दा पिसाबको समस्यामा तड्पिने महिलाहरूको संख्या निकै दर्दनाक छ ।

आइ.ए. दोस्रो वर्षमा अध्ययनरत छात्रा सुशीला शनिबारको दिन पारेर पुल्चोकतिर साथीसँग निस्किइन् तर उनलाई बाटैमा पिसाबले च्याप्यो । नजिकै कुनै सार्वजनिक शौचालय छैन, बाटैमा पिसाब फेर्ने आँट आउँदैन, अब के गर्ने त ? साथीले उनलाई पुरानो बसपार्कसम्म गाडीमा गएर शौचालय जाने सल्लाह दिइन् । तर बसपार्कसम्म जाने उनीहरूको कुनै कार्यक्रम नै थिएन । त्यसपछि उनीहरू डुल्न छाडेर आफ्नै कोठामा फर्किए । सुशीलाका अनुसार यस्तो समस्या अधिकांश महिलाहरूलाई परिरहन्छ तर यसलाई व्यक्त गर्ने कहाँ ? उनी प्रश्न गर्दछिन् ।

अर्कातर्फ भएका शौचालयहरूमा पनि महिला र पुरुषबीच भेदभाव भइरहेको गुनासो आउने गरेको छ । कतिपय प्रशासनिक कार्यालय र अदालतहरूमा महिलाका लागि शौचालय नै पाइदैनन् ।

सार्वजनिक स्थल र बाटाघाटामा दिसापिसाब गर्ने कार्य रोक्नका लागि पर्याप्त शौचालयहरूको व्यवस्था गरि भएका शौचालयहरूलाई सफा र सुघर बनाइनु आवश्यक छ । सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने शहरबजारलाई कसरी सफा र स्वच्छ राख्न सकिन्छ भन्ने कुराप्रति सम्बन्धित निकाय उदासीन रहेसम्म यो समस्या समाधान हुन सक्दैन ।

# माइपोखरी : “अ सँगसँगै “स मा पनि अगाडि

भरतप्रसाद भट्ट

अलैंची, आलु, अम्लिसोको कुचो, अदुवा, ओलन (दूध) र अकबरे खुर्सानी प्रशस्त मात्रामा उत्पादन हुने भएकाले इलाम जिल्लालाई ‘६ अ को जिल्ला’ पनि भन्ने गरिएको छ । यस जिल्लाको अर्थतन्त्रमा यी उत्पादनले ठूलो टेवा दिएका छन् ।

आजभोलि यस ठाउँमा जिल्लालाई ‘अ’ का साथसाथै ‘स’ अर्थात् सरसफाइका क्षेत्रमा समेत अग्रणी बनाउने अभियान सुरु भएको छ । जिल्लाको प्रसिद्ध पर्यटकीय स्थल माइपोखरी क्षेत्रका बासिन्दामा पलाएको समुदायलाई पूर्णरुपले सरसफाइयुक्त बनाउने जाँगर हेर्दा यस अभियानले पूर्णता पाउने लक्षण देखिन्छ ।

### सबैतिर सरसफाइका सन्देश

‘सबैका घरमा स्वस्थप्रद चर्पी’, ‘फोहोर तथा मलमूत्रको उचित व्यवस्थापन’, ‘सधैं खाना खानु अघि र दिसापछि साबुन पानीले हात धुने बानी, भए साबुन नभए खरानी पानी’, ‘पानीको प्रयोग गरिसकेपछि धारा बन्द गरौं’, ‘स्वस्थ समुदाय सुन्दर समुदाय’ माइपोखरी र चाँपगैरी आसपासका सार्वजनिक स्थान यस्ता सन्देश लेखिएका पाटीहरू प्रशस्त मात्रामा देखिन्छन् । यी कुराहरूको अनुकरण गरेर प्रत्येक घरमा स्वस्थप्रद चर्पी, फोहोर फाल्ने खाडलका साथै नुहाउने घर बनाइएका छन् । कसैले पनि खुल्ला ठाउँमा दिसा पिसाब गर्दैनन् । धाराहरूको जतन राम्ररी गरिएको छ, तिनमा नियमित रुपमा पानी आइरहेको छ । उपभोक्ता समितिमा समानुपातिक रुपमा महिला, पुरुष तथा जाति जनजातिहरूको प्रतिनिधित्व छ ।



नेवा तथा महिला जागरण संघ इलामको साझेदारीमा दश वर्ष अगि निर्माण भएको माइपोखरी खानेपानी तथा सरसफाइ आयोजनाबाट माइपोखरी गाउँ विकास समिति वडा नं ६ र सुम्बेक गा.वि.स. का २, ७, ८ वडाका बासिन्दाहरू लाभान्वित भएका थिए । तर एक दशक बित्न नपाउँदै यस आयोजना अन्तर्गतका दश वटा धारामध्ये पाँच वटा मात्र सग्गो अवस्थामा थिए । आयोजना क्षेत्रका ५८ घरमध्ये ६ वटा घरमा मात्र सरसफाइयुक्त चर्पी थिए । सरसफाइको अवस्था नाजुक थियो ।

तर यतिखेरको अवस्था भिन्नै छ । पहिलेका कमजोरीलाई हटाई त्यसलाई फेरि सजीव रुप दिन नेवाले यहाँ गत वर्ष प्रारम्भ गरेको उत्थान कार्यक्रम अन्तर्गत एउटा धारा थप गरी ११ वटा सार्वजनिक धारा निर्माण भएका छन् । एच.डि.पि.पाइप फिटिङसमा उपभोक्ताहरूको लगानीबाट पाँच वटा निजी धारासमेत बनिएका छन् ।

यहाँका सार्वजनिक स्थलहरूमा लेखिएका सरसफइका सन्देशहरूका बारेमा उपभोक्ता समितिकी अध्यक्ष्य टीकामाया मुखिया भन्नुहुन्छ “सरसफाइका यी सन्देशहरू हाम्रा लागि मात्र नभएर माइपोखरी क्षेत्रको अवलोकन गर्न आउने सबै मानिसहरूका लागि पनि हो । मानिसहरूले यहाँको प्राकृतिक सुन्दरताको मात्र नभई यस क्षेत्रको सरसफाइको पनि प्रशंसा र अनुकरण गरुन् भन्ने हाम्रो उद्देश्य हो ।”

यस क्षेत्रमा सञ्चालन हुने सवारी साधनका यात्रुहरूको सुविधाका लागि ठाउँ ठाउँमा सार्वजनिक चर्पी निमार्ण गर्ने सोचाई रहेको कुरा समितिकी सदस्य भीममाया मुखिया बताउनु हुन्छ ।

त्यसो त पहिलेदेखि नै यस समुदायमा अस्थायी खाल्डे चर्पी भने नभएका होइनन् । तर यस्ता चर्पीहरू सफा नहुने भएकाले झिँगाको बिगबिगी बढेर मानिसहरूलाई दिसाजन्य रोगले सताउने गरेको थियो । यो समस्याबाट पार पाउन यहाँका बासिन्दाले आर्थिक कारणले चर्पी घर बनाउन नसक्ने असक्त तथा एकल महिलालाई चर्पी घर बनाउन सहयोगसमेत गरेका छन् ।

घर-घरमा नुहाउने घर भएपछि खासगरी महिलाहरूलाई धेरै सजिलो भएको छ । समितिकी एक महिला सदस्यका अनुसार गोप्यताका लागि सार्वजनिक धारामा राती-राती नुहाउन जानु पर्ने अवस्थाबाट महिलाहरूले मुक्ति पाएका छन्।

विकास निर्माणका काम हुनुभन्दा त्यसलाई दिगो राखी सदुपयोग गर्न सक्नु ठूलो कुरा रहेछ भन्ने कुराको बोध उपभोक्ताहरूलाई भएको छ । मर्मतसम्भार कार्यकर्ता भुवनसिंह मुखियाका अनुसार एकताका धारामा टुटी बदल्नुको साटो काठका ठेडी लगाउने, पाइप फुटेमा बाँसका सकेट बनाई लगाउने, धारामा पानी लिन जान झन्झट मानेर पाइप बीचैमा काटेर घरतिर पानी सोझ्याउनेजस्ता व्यवहारले गर्दा उपभोक्ता स्वयम्ले धेरै दुःख पाए । “तर उत्थान कार्यक्रम सुरु भएपछि सबैले कुरा बुझ्न थालेका छन्, सबैमा जिम्मेवारी बढेको छ । हिजोको दुःख दोहोरिन नदिन अब हामी सबै मिलेर आफ्नो ठाउँलाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्नेछौं ।” मुखिया भन्नुहुन्छ।



### सूचनापाटीमा लेखिएका सरसफाइ प्रवर्द्धनसम्बन्धी नियमहरू

- सबैका घरमा स्वस्थप्रद चर्पी प्रयोग हुनुपर्नेछ ।
- सबैका घरमा चाङ निर्माण भई प्रयोग हुनुपर्नेछ ।
- सबै घरले फोहोर फ्याँक्ने खाडल बनाई प्रयोग गरेको हुनुपर्नेछ ।
- बाथरुम (नुहाउने कोठा) सबैले बनाई प्रयोग गरेको हुनुपर्नेछ ।
- घरभित्र र घर वरिपरि सफा सुग्घर गरि राखेको हुनुपर्नेछ ।
- जथाभावी र खुल्ला रुपमा दिसापिसाब गर्न पाइने छैन ।
- धारा वरिपरि सफा सुग्घर राख्नुका साथै पानी निकासको उचित प्रबन्ध मिलाएको हुनुपर्नेछ ।
- सम्पूर्ण धारामा नियमित पानी आइरहेको हुनुपर्नेछ ।
- खेर जाने पानीबाट सबैले घर घरमा मौसमअनुसारको करेसाबारी लगाएको हुनुपर्नेछ ।
- महिला पुरुष तथा केटाकेटीका बीचमा भेदभाव राखिने छैन ।
- व्यक्तिगत सरसफाइमा पूर्ण ध्यान दिइएको हुनेछ ।
- पानी राख्ने भाँडा र बाँकी खानेकुरा छोपेर राखिनेछ ।
- सडक/बाटोलाई छ-छ महिनामा सफाइ र मर्मत गरिनेछ ।
- सुँगुरको खोरलाई घरदेखि टाढा राख्ने समय समयमा खरानी वा औषधि छर्कनुका साथै सफा सुग्घर राखिनेछ ।
- प्रत्येक महिनाको अन्तिम शनिबार समितिको बैठक बसी अनुगमन गर्नेछ ।

# डाँडागाउँ : मर्मतसम्भार कोशको उचित व्यवस्थापन

*रामकाजी कार्की र पार्वती राना*

डाँडागाउँका बासिन्दाहरूले पानीकै दुःखले गाउँ छाडेर अन्त बसाईं जानु पर्ने अवस्थाको अन्त्य भएको धेरै भइसक्यो । समुदायमा खानेपानीको सुविधाले गर्दा अरु धेरै सकारात्मक परिवर्तन देखिन थालेका छन् । यहाँका बासिन्दाले सानोतिनो कामका लागि महँगो ब्याजदरमा ऋण काढ्नु पर्ने अवस्था छैन । पहिलेजस्तो घरिघरि बिरामी भएर स्वास्थ्यचौकी र अस्पताल धाउनु पर्ने अवस्थामा पनि धेरै कमी आएको छ । धादिङ जिल्लाको डाँडागाउँ विकास आयोजनाहरूको राम्रो व्यवस्थापन भएमा समुदायले काँचुली फेर्दोरहेछ भन्ने कुराको उदाहरण बन्न पुगेको छ ।

पृथ्वी राजमार्गमा पर्ने आदमघाटबाट दुई घण्टा पैदल हिँडाइबाट पुगिने किरानचोक गाउँ विकास समितिको डाँडागाउँमा नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा साना किसान विकास आयोजनाद्वारा २०५४ सालमा खानेपानी, स्वास्थ्य तथा सरसफाइ आयोजना सम्पन्न भएको थियो । ११४ घर भएको यस गाउँका ९० प्रतिशत घरधुरीहरूले खानेपानीका लागि पूर्ण रुपमा श्रमदान गरेका थिए ।

किरानचोक गा.वि.स.को वडा नं. ७, ८ र ९ समेटेको डाँडागाउँ धेरै सुक्खा ठाउँ हो । गाउँ नजिकै पानीको मूल नभएकाले यहाँका बासिन्दाहरूले परापूर्व कालदेखि नै धेरै दुःख र समस्या झेल्नु परेको थियो । खोँचतिर भएका कुवा र खोल्साको पानी खाएर जीवन धान्न बाध्य थिए यहाँका बासिन्दाहरू । खानेपानी आयोजना सम्पन्न हुनु अगि भोगेको दुःख सम्झँदै उनीहरू भन्छन् "बाजेका पालादेखि मान्छे र गाईवस्तुको पानी खाने मुहान एउटै थियो । त्यसैले गाईवस्तुको मुख र खुट्टा डुबेको पानी नखाई साध्य थिएन । पानीमा कीरा र भ्यागुता मर्ने, पात पतिङ्गर कुहिने भएकाले फोहोर हुन्थ्यो । अझ बर्खायाममा त फोहोर भेल मिसिएर पानी खानै नहुने हुन्थ्यो । कुवा र खोल्सा नजिक लुगा धुने गर्नाले पनि पानी फोहोर हुन्थ्यो । राती नै पानी लिन नगए कुवामा पानी सकिने हुनाले धेरै जनाले पालो पर्खिनु पर्ने हुन्थ्यो । एक गाग्री पानी ल्याउन पनि एकदेखि दुई घण्टा समय लाग्ने गर्थ्यो ।" उनीहरू पहिले पहिले पानी बोक्ने गरेका तामाका गाग्रीहरू देखाउँदै भन्छन् "उतिखेर हरियो तरकारी देख्न पनि पाइँदैनथ्यो । दूषित पानी खाएकाले उतिखेर धेरै मानिस बिरामी पर्थे । उपचार गर्दा खर्च धेरै लाग्थ्यो । अकालमा मृत्यु हुनेको संख्या पनि ठूलो थियो ।"

तर अब यस्तो अवस्था छैन । सफा मुहानबाट पानी ल्याएपछि समुदायका मानिसहरूले सफा पानी खान पाएका मात्र होइनन्, टाढाबाट पालो पखिएर पानी बोक्नुपर्ने उनीहरूको बाध्यता हटेको छ र समयको पनि बचत भएको छ । गाउँलेहरूकै अनुसार रोगब्याधि पनि धेरै घटेको छ । खेर गएको पानी सदुपयोग गरेर सागसब्जी लगाउने चलन पनि बढेको छ । व्यक्तिगत र घरायसी सरसफाइमा धेरै परिवर्तन भएको छ ।

### कोश परिचालनले गर्दा समुदाय नै धनी

आयोजना व्यवस्थित रुपले सञ्चालन भएकाले सबै उपभोक्ताहरूले समान रुपले उपभोग गरिरहेका छन् । यस आयोजनाको एउटा सबैभन्दा राम्रो पक्ष हो, मर्मतसम्भार कोषको उचित परिचालन र सदुपयोग । यहाँ आयोजना व्यवस्थापन समितिको बैठक नियमित रुपमा तीन-तीन महिनामा बस्ने गरेको छ । धारा उपभोक्ताहरूको उपसमित मार्फत सबै उपभोक्ताहरूले महिनैपिच्छे प्रत्येक घरले खानेपानी प्रणालीको मर्मतसम्भारका लागि १० रुपैयाँ संकलन गर्ने गर्दछन् । यही रकमबाट एक जना मर्मतसम्भार कार्यकर्तालाई तीन महिनाको १२ सय रुपैयाँ पारिश्रमिक दिने गरि राखिएको छ । नियमित मर्मत र रेखदेखमा खर्च भएर बाँकी रहेको रकम मर्मतसम्भार कोषमा राखी उत्पादनशील कामका लागि सस्तो ब्याजमा विभिन्न उपसमितिहरू मार्फत ऋण प्रदान गरिएको छ । लगानी गरिएको रकमको असुली पनि राम्ररी भइरहेकाले आयोजना सम्पन्न हुँदा समितिसँग रहेको ३० हजार ५ सय रुपैयाँमा वृद्धि भई हाल १ लाख ८६ हजार रुपैयाँ भएको छ ।

# खेर गएको पानीले आम्दानी बढायो

*रामलाल माझी*

पोहोरसम्म पनि खानेपानी लिनका लागि आधा घण्टाभन्दा बढी धाउनु पर्ने बुदुना गाउँका बासिन्दालाई गाउँमै पानीको सुविधा उपलब्ध भएकाले आजभोलि हाइसञ्चो छ । पहिले पहिले तिर्खा मेट्न पनि मुस्किल हुने यस ठाउँका किसानहरूले खानेपानीको झन्झटबाट त मुक्ति पाएका छन् नै, बढी भएको वा खेर गएको पानीको प्रयोग गरेर तरकारी खेतीसमेत गर्न थालेका छन् । आलु, मूला, गोलभेंडा, रायोको साग, धनियां, लसुन, प्याज आदिको उत्पादन ह्वात्तै बढेको छ । यसपाली त किसानहरूले गाउँमै पहिलोपटक बन्दाकोबी समेत फलाएका छन् ।

बुदुना गाउँ सिन्धुली जिल्लाको सदरमुकामबाट करीव १५ किलोमिटर पूर्वमा पर्ने रानीचुरी गाउँ विकास समितिको वार्ड नं. ७ मा पर्दछ । निकै विकट यस गाउँमा घरहरू फाट्टफुट्ट छरिएर रहेका छन् । गाउँमा खेतीयोग्य जमिन कम भएको र सिंचाइको सुविधा नभएकाले यहाँका मानिसहरूको आर्थिक स्थिति पनि कमजोर छ । यस गाउँदेखि करिव एक घण्टाको दूरीमा रहेका छिमेकी गाउँहरूमा प्राथमिक विद्यालय, उच्च माध्यमिक विद्यालय, उपस्वास्थ्य चौकी र हुलाकसमेत रहे पनि बुदुना गाउँमा भने विकासका कुनै पूर्वाधारहरू खडा हुन सकेका छैनन् ।

हालससम्म बुदुना गाउँमा विकास निर्माणको काम भनेको नै नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा नेपाल जनसंख्या तथा वातावरण संरक्षण अभियान, सिन्धुलीद्वारा सञ्चालित खानेपानी, स्वास्थ्यशिक्षा तथा सरसफाइ कार्यक्रम मात्र भएको कुरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सोम बहादुर घिसिङ बताउनु हुन्छ । "यस आयोजनाले हाम्रो विकासको ढोका खोलिदियो । आयोजना सञ्चालन भएपछि स्वास्थ्य र सरसफाइसम्बन्धी चेतना बढेको छ । सबै घरमा चर्पी बनेका छन् । कुवाको धमिलो पानी खानुपर्ने बाध्यता हटेको छ । यसले गर्दा रोगब्याधि पनि धेरै हटेको छ ।" उहाँले भन्नुभयो । हाल बुदुनामा सात वटा धाराहरूबाट ६१ घरका ३ सय ९२ जनाले खानेपानीको सुविधा पाएका छन् ।

बुदुनाकी सुर्ज कुमारी श्रेष्ठले यसपाली चार कट्ठा जमीनमा तरकारी खेती गर्नु भएको छ । पहिले पहिले राम्ररी खान पनि नपुग्ने सागसब्जी यसपाली त बेच्न समेत पुग्ने कुरा उहाँ बताउनु हुन्छ । ट्याङ्कीमा बढी भएको र खेर गएको पानीले नै करेसाबारी सिँचाइ गर्न पुगेको कुरा पनि उहाँले बताउनु भयो ।

# दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम नयाँ आयामतिर

*हिमालय गौतम*

श्री ५ को सरकारले दुर्गम क्षेत्रका पिछडिएका जनतालाई खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने कुरालाई गरीबी निवारण रणनीति योजनाभित्र समावेश गरेको छ । यो उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउनका लागि कोष विकास समितिले ग्रामीण क्षेत्रमा यस्ता कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ । कोष विकास समितिले अवलम्बन गरेको समुदायको मागमा आधारित पद्धतिको कारण श्री ५ को सरकारको ग्रामीण खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय नीतिमा यस पद्धतिलाई एक अभिन्न अङ्गको रुपमा समावेश गरिएको छ ।

कोष विकास समितिले ग्रामीण खानेपानी तथा सरसफाइ योजना पहिलो चरणको पद्धतिलाई अवलम्बन गर्दै यसबाट सिकेका पाठहरू विभिन्न स्तरमा सञ्चालित कार्यशाला गोष्ठीहरूबाट प्राप्त सुझावहरूको आधारमा केही परिवर्तन र सुधार गरेको छ ।

सम्बन्धित व्यक्ति, संघ संथा, दातृ निकाय तथा श्री ५ को सरकारका सम्बन्धित निकायहरूसँग विभिन्न स्तरमा वृहत् औपचारिक तथा अनौपचारिक छलफल तथा गोष्ठीको आयोजना गरी प्राप्त सल्लाह तथा सुझावको आधारमा कोष विकास समितिद्वारा प्रस्तावित ग्रामीण खानेपानी तथा सरसफाइ योजना दोस्रोको आयोजना कार्यान्वयन योजना तयार पारिएको छ ।

### दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ योजनाका प्राथमिक उद्देश्यहरूः

- क्षेत्रगत संस्थागत दक्षताको सुधार र सरकारी पद्धतिमा 'कोष विकास समिति' अवधारणालाई समावेश गर्ने ।
- समुदायको सहयोगमा स्थानीय खानेपानी तथा सरसफाइ उपभोक्ता समूहबाट आयोजनाको निर्माण, कार्यान्वयन र सञ्चालन गरी दिगो स्वास्थ्य तथा सरसफाइका सुविधाहरूका साथै ग्रामीण जनतालाई आयमूलक कार्यमा सरिक गराउने ।

### गरीबमुखी रणनीतिको अवलम्बन

- ग्रामीण खानेपानी तथा सरसफाइ पहिलो योजनामा अभ्यास गरिएका सामुदायिक योगदानसम्बन्धी सबै प्रावधानहरूलाई निरन्तरता दिइएको छ भने समुदायलाई अझ सजिलोका लागि स्थानीय सामग्री र गैरस्थानीय सामग्रीको ढुवानीसम्बन्धी प्रावधानमा परिवर्तन गरी समुदायमुखी बनाइएको छ । समुदायबाट एक दिनको पैदल दूरीमा रहेका सामग्रीलाई स्थानीय सामग्री अन्तर्गत राखिएको छ । समुदायले त्यस्तो सामग्री उपलब्ध गरी जम्मा गर्नुपर्नेछ । गैर स्थानीय सामग्री ढुवानी गर्दा एक दिनको पैदल दूरीभन्दा बढी भएमा लाग्ने थप खर्च आयोजनाले व्यहोर्नेछ ।
- समुदाय आफैँले नै गरीब घरधुरीहरूको पहिचान गर्ने र तिनीहरूलाई धनी घरधनीबाट वा कोष विकास समितिबाट प्राप्त रकम अनुदानको रुपमा प्रदान गरिनेछ । यस्तो व्यवस्थाले सामुदायिक आयोजनाहरूको कार्यान्वयनमा गरीब जनजाति तथा अवसरबाट वञ्चित समुदायलाई समावेश गर्न सहयोग पुग्नेछ ।
- सहयोगी संस्था र सेवामूलक निकाय र कोष विकास समितिका लागि कर्मचारी छनौट गर्दा स्थानीय, दलित, जनजाति तथा अवसरबाट वञ्चित समुदायलाई प्राथमिकता दिनुपर्ने प्रावधान रहेको छ । अनौपचारिक शिक्षा र अन्य कार्यक्रमहरूमा समेत यी समुदायलाई प्राथमिकता दिइने छ ।

### क्षेत्रीय व्यवस्थापनका अवधारणा

- ग्रामीण खानेपानी तथा सरसफाइ योजनालाई देशका सबै भाग तथा जिल्लाको दुर्गम भेकमा विस्तार गर्ने लक्ष्यअनुरुप क्षेत्रीय व्यवस्थापनको अवधारणा अवलम्बन गरिनेछ । क्षेत्रीय डेस्कको स्थापना गरी क्षेत्रगत योजना तर्जुमा तथा व्यवस्थापन गरिनेछ । यस्तो प्रावधानले अत्यन्तै दुर्गम क्षेत्रका गरीब एवम् अवसरबाट वञ्चित समुदायसम्म पुग्न सक्ने सहयोगी संस्थाहरूको छनौट गर्न सकिने विश्वास कोष विकास समितिले लिएको छ ।
- अति दुर्गम, गरीब अवसरबाट वञ्चित, दलित, जनजाति तथा विभिन्न जातजातिका समुदायलाई सेवा प्रदान गर्न छाता सहयोगी संस्थाहरू (धेरै क्षेत्र ओगटेर काम गरिरहेको राष्ट्रिय सहयोगी संस्था) लाई प्रेरित गरिनेछ । व्यवस्थापकीय दृष्टिकोणबाट कोष विकास समितिको प्रभावकारी सेवामा सहयोग पुऱ्याउन यस किसिमको प्रावधानले सहयोग छ ।

### समन्वय, साझेदारी तथा सम्पर्क

केन्द्रीय स्तर तथा स्थानीयस्तर (जिल्ला विकास समिति, गाउँ विकास समिति), राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, समुदायमा आधारित संघसंस्था र समुदायलाई समावेश गरी ठाडो र समानान्तर समन्वय तथा सम्बन्ध स्थापित गर्न अभिप्रेरित गरिनेछ ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिका कार्यक्रमहरूलाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न र राम्रो काम गर्ने वातावरण बनाउन स्थानीय स्वायत्त शासन ऐन १९९९ र यसको नियमावली २००० अनुसार काम गरिन्छ । यस्तो समन्वयले स्थानीय समुदायमा अभिप्रेरणा, स्वामित्व र जिम्मेवारी बोध गराउँछ । जुन आयोजनाको दिगोपनका लागि अत्यन्तै आवश्यक हुन्छ ।

- जिल्ला विकास समितिको कार्ययोजनामा परेका आयोजनाहरूको कार्यान्वयन गर्नुपर्ने र यस्तो प्रावधानले समुदाय र सहयोगी संस्थाद्वारा सुरुदेखि नै गाउँ विकास समिति र जिल्ला विकास समितिसँग समन्वय कायम गर्नु पर्नेछ ।
- साझेदारी अभिवृद्धि गर्न र खर्च जुटाउन स्थानीय निकाय र सम्बन्धित निकायहरूका लागि ढोका खोलिनेछ । उक्त खर्च मर्मतसम्भार कोष तथा नगद योगदान बाहेक योजनाको लागतमा खर्च गर्न सकिनेछ ।
- देशमा कार्यरत विकास संस्थाहरूसँग सम्बन्ध स्थापना गर्नेतर्फ समितिले जोड दिएको छ । रचनात्मक भूमिका निर्वाह गर्ने सहयोगी संस्था तथा समुदायलाई कोष विकास समितिले अन्य सम्बन्धित निकायहरूसँग सम्पर्क स्थापना गर्न मद्दत गर्नेछ ।

### आयोजना चक्रमा कार्यान्वयन पश्चातको समय समावेश

ग्रामीण खानेपानी तथा सरसफाइ योजना पहिलोबाट सिकेका पाठ र पहिलो समूह र दोस्रो समूहको दिगोपनसम्बन्धी अध्ययनबाट प्राप्त सुझावहरूको आधारमा आयोजना चक्रमा अनुगमन सहयोग समय (Follow-up support period) को सिफारिश गरिएको छ ।

*ग्रामीण खानेपानी तथा सरसफाइ योजनालाई देशका सबै भाग तथा जिल्लाको दुर्गम भेकमा विस्तार गर्ने लक्ष्यअनुरूप क्षेत्रीय व्यवस्थापनको अवधारणा अवलम्बन गरिनेछ । क्षेत्रीय डेस्कको स्थापना गरी क्षेत्रगत योजना तर्जुमा तथा व्यवस्थापन गरिनेछ । यस्तो प्रावधानले अत्यन्तै दुर्गम क्षेत्रका गरीब एवम् अवसरबाट वञ्चित समुदायसम्म पुग्न सक्ने सहयोगी संस्थाहरूको छनौट गर्न सकिने विश्वास कोष विकास समितिले लिएको छ ।*

# खानेपानी गुणस्तरका बारेमा उपभोक्ताहरूको धारणा

*इ. ठाकुर प्रसाद पण्डित*
*खानेपानी तथा ढल निकास विभाग*

## अध्ययनको पृष्ठभूमि

हाम्रो देशको ग्रामीण क्षेत्रमा सञ्चालित खानेपानी आयोजनाहरूको मुख्य उद्देश्य उपभोक्ताहरूको लागि आधाभूतस्तरको खानेपानी सुविधा प्रदान गर्नु हो । तर पनि विभिन्न कारणहरूले गर्दा उद्देश्य बमोजिमको सेवा पूर्वरुपमा उपलब्ध हुन सकिरहेको छैन । यसको विपरित उपभोक्ताहरूले खानेपानीका परम्परागत स्रोतहरूमै बढी आश्रित हुन परिरहेको छ । कतिपय आयोजनाहरूमा मूल सुक्ने, पाइप लाइन बिग्रिने, टंकी चुहिने, टंकीको क्षमता कम हुने, धारा संख्या बढी भएर आयोजनाद्वारा प्रदान हुने सेवाको क्षमताामा ह्रास आइरहेको छ ।

हुन त यी समस्याहरू सरसर्ती हेर्दा सामान्य जस्ता देखिन्छन् । तर यी समस्याहरूको जड भनेको उपभोक्ताहरूमा आयोजना सञ्चालन र मर्मत सम्भारको दृढ प्रतिबद्धता नहुनु र खानेपानी गुणस्तरका बारेमा सही ज्ञान र चेतनाको अभाव हुनु नै हो । समाजशास्त्र विषयको स्नातकोत्तर तहको शोधपत्र तयारीका सिलसिलामा लेखकद्वारा यस सम्बन्धमा गरिएको एक अनुसन्धानबाट खानेपानी आयोजना क्षेत्रमा विद्यमान स्रोतहरूमा रहेको पानीको गुणस्तरको बारेमा उपभोक्ताहरूको आम धारणा प्रष्ट भएको छ । उक्त अध्ययनबाट खानेपानीको गुणस्तरका बारेमा उपभोक्ताहरूमा नीहित धारणाको आधारमा आयोजनाको सञ्चालन तथा मर्मतसम्भारप्रति उनीहरूको जागरुकता तथा प्रतिबद्धताको स्तर झल्किएको पाइएको छ ।

काठमाडौं जिल्लाको नयाँ नैकाप गाउँ विकास समितिमा गरिएको उक्त अनुसन्धानका क्रममा त्यहाँ सञ्चालित खानेपानी आयोजनाको वातावरणीय र सामाजिक पक्षको विश्लेषण गरिएको छ । सो गा.वि.स. मा स्वच्छ खानेपानीको अभाव मात्रै होइन, कुवा, ढुङ्गेधाराजस्ता परम्परागत स्रोतहरूको अस्तित्वसमेत हराउँदै गइरहेको छ । अनुसन्धानका क्रममा त्यहाँका उपभोक्ताहरूमा खानेपानीको गुणस्तरका बारेमा रहेको आमधारणाको अध्ययन भएको छ । यस लेखमा सो अध्ययनबाट प्राप्त केही तथ्यहरूलाई प्रकाशमा ल्याउने जमर्को गरिएको छ ।

## खानेपानीको गुणस्तरका बारेमा उपभोक्ताहरूको ज्ञान, धारणा र व्यवहारसँग सम्बन्धित तथ्यहरू:

१. उपलब्ध खानेपानी हेर्दा सफा वा फोहोर देखिनु नै गुणस्तर मापन गर्ने आधार हो ।
२. खानेपानीको स्रोत वरिपरि रहेको फोहोर नै खानेपानी प्रदूषित हुनुको प्रमुख कारण हो ।
३. भाँडो (गाग्री) नछोपेको र सरसफाइको अभाव भएको कारणले घरभित्र राखिएको खानेपानी प्रदूषित हुन सक्दछ ।
४. खानेपानीको गुणस्तर सुधार गर्नमा सम्बन्धित उपभोक्ता समुदायबाहेक अन्य संघ संस्था र सरकारी निकायहरूको पनि उत्तिकै बढी जिम्मेवारी छ ।
५. खानेपानी प्रदूषित भएमा मुख्यगरि झाडापखाला र रुघाखोकी लाग्ने गर्दछ ।
६. खानेपानीको गुणस्तर सुधार गर्न व्यक्तिगत स्तरबाट प्रतिबद्धता व्यक्त गर्ने उपभोक्ताहरूको प्रतिशत ज्यादै न्यून रहेको छ ।
७. विद्यमान खानेपानी आयोजनामा खानेपानीको गुणस्तर सुधारको आवश्यकता महशुस गर्ने उपभोक्ताहरूको प्रतिशत पनि न्यून छ । त्यसमध्ये पनि गुणस्तर सुधारका लागि कुन कुन कार्यहरू गर्न सकिन्छ भनी आफ्नो धारणा स्पष्टसँग व्यक्त गर्ने उपभोक्ताहरू अझ थोरै छन् । तर त्यस्तो धारणा व्यक्त गर्नेहरूमध्ये वहुसख्यक उपभोक्ताहरूले भौतिक तथा आर्थिक रुपबाट नभई सामाजिक उत्प्रेरणा जगाउनका लागि कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
८. गुणस्तरका आधारमा वहुसंख्यक उपभोक्ताहरू पिउने प्रयोजनका लागि खानेपानी आयोजनाहरूबाट उपलब्ध पानीभन्दा स्थानीय परम्परागत स्रोतको पानीलाई बढी महत्त्व दिन्छन् ।
९. गुणस्तरका दृष्टिले बढी सुद्ध मानिएको परम्परागत स्रोतहरूको पानीलाई घरायसी तहमा उमाल्ने वा फिल्टर गर्ने तरिका बहुसंख्यक उपभोक्ताहरूद्वारा व्यवहारमा ल्याइएको छैन ।

## अध्ययनका निष्कर्षहरू

उल्लिखित तथ्यहरूको विश्लेषण गरी प्राप्त भएका मुख्य निश्कर्षहरू निम्न बमोजिम छन् :

१. पानी हेर्दा सफा वा पिउँदा स्वाद राम्रो हुँदैमा पिउन लायक वा सुद्ध हुन्छ भन्ने मान्न सकिंदैन । धेरैजसो उपभोक्तामा यस ज्ञानको अभाव भएको कारणले गर्दा प्रदूषित पानी पिएर पानीजन्य रोगहरूको प्रकोप रहेको पाइएको छ ।
२. स्रोतको वरिपरि रहेको फोहोरको कारणले वा घरभित्र सञ्चय गरिएका पानीका भाँडाहरू छोप्ने बित्तिकै पनि पानी सुद्ध भइहाल्दैन । यसका लागि खानेपानी राख्ने र झिक्ने भाँडाहरू सफा हुनुपर्दछ साथै प्रत्येक क्रियाकलापहरूमा सरसफाइका नियमहरूको पनि पालना गर्नु पर्दछ । यसैले स्वच्छ पिउने पानीको व्यवस्था सँगसगै सरसफाइ व्यवस्थापनका उचित तरिकाहरूलाई सामुदायिक, घरायसी र व्यक्तिगत तहमा प्रयोगमा ल्याउनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अध्ययन क्षेत्रमा यी दुई पक्षहरू बीच उचित सामजस्य हुन नसकेकाले गर्दा विद्यमान खानेपानी आयोजनाको सामाजिक र वातावरणीय पक्ष निकै कमजोर देखिएको छ ।
३. अध्ययन गरिएको समुदायमा टाइफाइड र जण्डिसजस्ता रोजहरूको प्रकोप रहे तापनि धेरैजसो उपभोक्ताहरू खानेपानी प्रदूषणको कारणले गर्दा झाडापखाला र रुघाखोकी मात्रै लाग्छ भन्ने ठान्दछन् । उपभोक्ताहरूमा उचित ज्ञान र खानेपानी गुणस्तरबारे यथेष्ट चेतनाको अभावले गर्दा पानीजन्य रोगहरूको नियन्त्रण गर्न प्रतिकात्मक उपायहरूको सट्टामा उपचारात्मक विधिहरू नै अवलम्बन गर्ने गरेको पाइएको छ ।
४. खानेपानी गुणस्तरका बारेमा सम्बन्धित उपभोक्ताहरूमा विद्यमान आमधारणाको स्तर र आयोजनाको सञ्चालन तथा मर्मतसम्भारमा उनीहरूको सामुदायिक एवम् व्यक्तिगत प्रतिबद्धताको स्तर बीचमा स्पष्ट अन्तरसम्बन्ध देखिन्छ ।

उपभोक्ताहरू खानेपानी गुणस्तरप्रति सचेत भई सङ्गठित भएमामात्र खानेपानी आयोजना सञ्चालन तथा मर्मतसम्भारसम्बन्धी समस्याहरू पनि सामुदायिक स्तरमा नै समाधान गर्न संभव हुन्छ भन्ने कुरा यस अध्ययनले देखाएको छ।

**पानी र सरसफाइ अब नेवाको वेबसाइट www.newah.org.np मा पनि पढ्न सकिनेछ ।**

**नाम** : ..........................................................

**ठेगाना** : ..........................................................

..........................................................

..........................................................